# अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको इतिहास निकै लामो छ । प्रारम्भमा मानिस असंगठित रूपमा थियो । समाज विकासको लामो काल खण्डपछि संगठनात्मक व्यवहारको विकास, नयाँ प्रविधियुक्त हातहतियारको विकास, बसोबासमा केही स्थायित्व आउन थाल्यो । यसै समय देखि मानव समाजमा सुक्ष्म तहका सामाजिक संस्था अप्रत्यक्ष रूपमा विकास हुन थाले । समाजलाई बढी सरल र व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि नै यस्ता संस्थाहरूको विकास भएको पाइन्छ । अव्यवस्थित र अनियन्त्रित यौन सम्बकन्धलाई व्यवस्थित पार्न विवाहको प्रचलन विकास भयो ।

विवाह के हो भन्ने सम्बन्धमा एउटै र सर्वमान्य परिभाषा पाउन सकिदैन विभिन्न सामाजिक र साँस्कृतिक परिवेशमा अवस्थित समाजमा विभिन्न प्रकारका लैङ्गिक सम्बन्ध हुने गर्दछन् । यिनै आधारमा विवाहको अर्थ, परिभाषा तथा यिनका कार्यहरू सम्बन्धित हुन्छन् । अर्कातिर समाजको परिवर्तनसँगै विवाह प्रतिको बुझाइएको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । प्रत्येक समय र समाजमा विवाहले दुई वटा पक्षलाई समेटेको हुन्छ । एउटा विपरित लिङ्गहरूको सामाजिक स्वीकृत सम्बन्ध हो भने अर्को यसै सम्बन्धका आधारमा वैधानिक रूपमा तिनीहरू यौन सम्बन्ध राख्न र बच्चा जन्माउन सामाजिक स्वीकृति हो ।

हिन्दु दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो । जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । विवाह भौतिक तथा आध्यात्मिक आवश्यकता पुरा गर्नका लागि गरिन्छ । विवाहलाई संस्कारका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार छोराबाट बाबुले स्वर्ग आदि उत्तमा लोक प्राप्त गर्दछ । हिन्दु शास्त्रमा उल्लेख भएका विभिन्न आठ प्रकारका विवाहहरूलाई हिन्दु विधिले केबल वाहमा र आसुर दुई प्रकारमा विभाजित गर्ने दृष्टिकोण लिएको पाइन्छ । ऋषि मुनिहरूमा रचित स्मृतिहरू, राजाज्ञा र प्रथाहरूलाई त्यसबेलाको समाजद्वारा अङ्गिकार गरेको कानुनको थियो र यिनै कुराहरूले बिहेवारीका संस्कारहरू पनि निर्देशित गरेका थिए । (सुवेदी, २०५६:२६)

विवाहित महिलाहरू माथि हुने घरेलु हिंसा बारेमा चर्चा गर्दा यसको लामो इतिहास छ । जब प्रारम्भिक युगबाट मानिसहरू दास युगमा प्रवेश गरे तब महिलाहरू माथि हुने हिंसाको सुरुवात भएको पाइन्छ । शिक्षा क्षेत्रमा, आर्थिक क्षेत्रमा, स्वास्थ्य क्षेत्रमा महिलालाई अगाडि बढ्न नसक्नुले नेपाल अझै गरिबीको रेखामुनी रहन बाध्य भएको छ । सम्पूर्ण जातिको आफ्नै भाषा, संस्कृति, परम्परा, धर्म रहेको छ । विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा महिला विरुद्धको हिंसा भन्नाले लैङ्गिक हिंसालाई बुझाउँदछ ।

घरेलु हिंसा भन्नाले कुनै पनि परिवारको घर भित्र महिला माथि गरिने भेदभाव वा हिंसा भन्ने बुझिन्छ, जुन पारिवारीक सम्बन्धबाट उत्पति हुन्छ । दास युगमा महिलाहरूलाई दासको रूपमा व्यवहार गर्ने सुरुवात भयो र निजी सम्पतिको उदयसँगै महिलाहरूलाई पुरुषको खेलौना बनाई भोग विलासको साधनका रूपमा प्रयोग गरियो । सामन्ती युगमा त जसले धेरै स्वास्नी ल्याउँछ उसको रवाफ र शक्ति उच्च मानिन्थ्यो । महिलालाई विभिन्न माध्यमहरूले आफ्नो पुरै जिवन पुरुषहरूको सेवामा तत्पर तयार रहेका छन् ।

विश्वका हरेक समाजमा रहेको हिंसाले महिला र पुरुष बिचमा शक्ति सम्बन्ध असमान हुने गर्दछ । नेपालमा पनि महिला विरुद्ध हुने हिंसा धेरै पहिले देखि नै हुँदै आएको पाइन्छ । नेपाली समाजमा घरायसी, लैङ्गिक, वैवाहिक, सांस्कृति, शारीरिक, दाइजोसँग सम्बन्धित आदि हिंसाहरू हुने गरेको पाइन्छ ।

## १.२ समस्याको कथन

नेपालमा विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा विभिन्न आकार प्रकारका छन् । विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा भित्र यौन दुर्व्यवहार र यातना, बेचबिखन, बलात्कार, हाडनाता, करणी, यौनजन्य अपराध, दाइजो र दुलहीको मोलतोल, घरेलु हिंसा, महिलाहरू माथि हातपात, वैवाहिक बलात्कार, छोराको चाहनाले भ्रुण हत्या, परम्परागत हिंसा (बालविवाह, बहुपत्नी प्रथा, बहुपति प्रथा, दुलही जलाउने, जारी प्रथा, देउकी प्रथा, वादी प्रथा, झुमा प्रथा र बोक्सी परम्परा) मानसिक यातना, गालीगलौज, लैङ्गिक विभेद इत्यादी पर्दछन् । महिलाका प्रजनन हक उल्लंघन, चिकित्साजन्य दुराचार तथा भेदभावपूर्ण कानुन सम्बन्धमा सरकारको निरन्तरको वेवास्ता इत्यादि पनि महिला विरुद्धको हिंसाको परिभाषा भित्र पर्दछन् । (आचार्य, २०६१) बेजिङ्ग कार्यमञ्च अनुसार विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा भन्नाले लिङ्गको आधारमा गरिने हिंसाको कुनै पनि काम

जसले महिलाहरूलाई भौतिक, यौनजन्य अथवा मनोवैज्ञानिक हानीनोक्सानी अथवा पिडा कष्ट पुऱ्याउने किसिमको कामको नतिजाहरू निकाल्छ वा निकाल्न खोज्दछ र त्यसमा बाध्यतावश वा व्यक्तिगत कुनै ठाउँमा घटेको घटना होस् यस्ता कामहरू पनि पर्दछन् । नेपालमा महिला हिंसालाई भड्काउने मुख्य तत्वहरू हुन्-हाम्रा विद्यमान पितृसत्तात्मक मुल्य र मान्यताहरू महिलाको न्यून सामाजिक प्रतिष्ठा, चरम गरिबी, शिक्षा र चेतनाको कमि, बालविवाह, बहुविवाह तथा संस्कृति र परम्परा, राज्य, सरकार, संविधान, धर्म, सामाजिक संरचना प्रणाली, प्रथा इत्यादी ।

नेपालमा विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसाको रूपमा विवाह संस्थामा हुने गरेको हिंसालाई महत्वपूर्ण रूपमा लिन सकिन्छ । वैवाहिक कार्यमा महिलाको सानै उमेरमा गरिएको बालविवाह, बहुविवाह, गर्भपतन गर्नमा दवाव, बहुपति विवाह, महिला बन्ध्याकरण, महिलाको बुढो मानिससँग विवाह, यौन क्रियामा दवाव, पारपाचुकेको दवाव, इच्छा विरुद्धको यौन सम्बन्ध, जबरजस्ती विवाह, छोरा पाउने आशामा सुत्केरी दोहोऱ्याउने क्रम, पाठेघर खसेको अवस्थामा परिवारबाट हुने वेवास्था र त्यसले जन्माउने अपहेँलना, विवाह संस्थामा दाइजो सम्बन्धित हिंसाहरू आदि हिंसाहरूले समाजलाई नराम्ररी असर पारेको पाइन्छ ।

सन् १९७९ मा संयुक्त राष्ट्र संघको महासभाद्वारा महिला विरुद्धका सबै भेदभाव निर्मुल गर्ने सम्बन्धमा महासन्धी पारित भएको थियो । नेपालमा महिला हिंसाका बारेमा चर्चा भएतापनि जाति विशेष अनुसार हिंसाका बारेमा पुस्तकहरू प्रकाशन गरेको पाइदैन । यसैक्रममा यस वडा नं. ७ मा पनि विवाहीत महिला विरुद्धको हिंसाको शैली कस्तो रहेको छ भन्ने बारेमा अनुसन्धान गर्न आवश्यक ठानी अनुसन्धान अघि बढाइएको छ । उक्त कारणबाट विवाह संस्थामा महिलाको हिंसाको अवस्था दयनीय रहेकाले यसबारे अध्ययन खोजबाट वास्तविकतालाई समाज समक्ष उजागर गर्न उपयुक्त हुने भएकोले यस अध्ययनलाई प्राथमिकता दिई अगाडि बढाउने जमर्को गरिएको हो । यस सन्दर्भमा निम्न अनुसन्धानमूलक प्रश्नहरू सान्दर्भिक ठानिएको छ :

क) विवाहित महिलाहरूमाथि हुने हिंसा कस्तो रहेको छ ?

ख) विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसाको कारणहरू के-के हुन् ?

ग) विवाहित महिलाहरूमाथि हुने हिंसाले महिलामा कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको सामान्य उद्देश्य विवाहित महिला हिंसाको अध्ययन गर्नु हो भने विशिष्ट उद्देश्य अन्तर्गत निम्न उद्देश्यहरू रहेका छन्:-

क) विवाहित महिला माथि भएको हिंसाहरूको पहिचान गर्नु ।

ख) महिला हिंसाका कारणहरूको खोजि गर्नु ।

ग) हिंसाले महिलाहरूमा पारेको प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

यस शोधकार्यमा विवाहित महिला माथि हुने गरेका हिंसालाई उजागर गरिएको छ । विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसाको सम्बन्धमा कानुनी व्यवस्था र व्यवहारिक वास्तविकताको जानकारी दिएको छ । यसबाट प्राप्त परिणामले भविष्यमा महिलाहरूमाथि हुने घरेलु हिंसासँग सम्बन्धित सहयोग हुनुको साथै अनुसन्धानमा मार्ग निर्देशन देखाएको छ ।

## १.५ शब्दावली परिभाषा

विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा भन्नाले कुनैपनि महिला माथि गरिने भेदभाव वा हिंसा भन्ने बुझिन्छ, जुन पारीवारिक सम्बन्ध र समाजमा हुने गर्दछ । विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा भन्नाले महिलालाई गरिएका शारीरिक र मानसिक रूपमा घात पुग्ने घटनालाई जनाउँदछ । जुन महिला माथि हुने बालविवाह निर्णय प्रक्रियाबाट बञ्चित, बलात्कार, गालिगलौज, कुटपिट गरिने हिंसाको रूपमा अंगभंङ्ग गर्नु, यौनशोषण गर्नु, जबरजस्ती करणी गर्नु, बहुविवाह गर्नु, शरिर जलाईदिनु, एसिडले छ्याप्नु, श्रमशोषण गर्नु, पुरुषले महिलाको हत्या गर्नु, मानसिक यातना दिनु, असमान व्यवहार गर्नु जस्ता सम्पूर्ण कार्यलाई महिला हिंसा बुझाएको छ ।

## १.६ अध्ययनका सीमाहरू

शैक्षिक अध्ययन भएको हुँदा अनुसन्धानकर्ताका रूपमा विद्यार्थी सिमित समय, बजेट एवं अरु स्रोतसँगै अघि जानुपर्ने हुन्छ । यस अनुसन्धानलाई पनि निश्चित समय, बजेट स्थान एवं अरु स्रोतको उपलब्धताका आधारमा सीमा निर्धारण गरिएको छ । यस अध्ययनका निम्न सीमाहरू रहेका छन् :

क) यस अध्ययनलाई पोखरा वडा नं. ७ राष्ट्र बैंक मार्गमा सिमित गरिएको छ ।

ख) यस अध्ययनमा विवाहित महिलालाई प्रतिनिधिको रूपमा चयन गरिएको छ ।

ग) जाति विशेष र शिक्षाको आधारमा पनि महिला हिंसा फरक पर्ने भएकोले समाजमा जातका आधारमा रहेर ठहरिएका ब्राह्मण र क्षेत्री जातिमा सिमित रहेर विवाहित महिलाहरू माथि हुने हिंसाका बारेमा अध्ययन गरिएको छ ।

घ) स्थान, जाति, धर्म, संस्कृति अनुसार हिंसाको स्वरूप फरक-फरक हुने भएकोले सम्पूर्ण नेपालभरि यसको सामान्यकरण गर्न भने सकिदैन ।

## १.७ अध्ययनको औचित्य

घरेलु हिंसा समाजको एक जटिल समस्याको रूपमा रहेको छ । लैङ्गिक दृष्टिकोणबाट गरिने अध्ययनको सन्दर्भमा महिलामाथि हुने गरेका भेदभाव र हिंसासँग सम्बन्धित शिक्षामा भेदभाव, बालविवाह, बहुविवाह, सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा महिलामाथि हिंसा तथा भेदभाव भइराखेको देखिन्छ । सामाजिक, मानसिक, सम्बन्ध विच्देछ, परिवारको विनाश, आत्महत्यासम्म भएका छन् । महिलासँग सम्बन्धित अहिलेको सान्दर्भिक र अति सम्बेदनशिल जटिल अवस्थामा रहेको विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा सम्बन्धी अध्ययन अनुसन्धानलाई हुनुपर्ने देखिन्छ । यो अध्ययनले पछि हुने कुनैपनि लैङ्गिक दृष्टिकोणबाट गरिने अनुसन्धानलाई सहयोग गर्नेछ । त्यसैले विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा रोक्न स्थानिय वा राष्ट्रिय स्तरमा नीतिनियम ऐनकानुन निर्माण गर्नमा नीति निर्मातालाई सहयोगी भूमिका खेल्नेछ । समग्र विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा सम्बन्धी गरिने अध्ययनलाई सघाउने र यो एक ज्ञानात्मक, वर्णानात्मक तथा विश्लेषणात्मक अध्ययन भएकोले महिलामाथि हुने हिंसालाई एक जटिल समस्याको रूपमा लिइएको छ ।

# अध्याय दुई

# साहित्य समिक्षा

## २.१ अवधारणागत हिंसावलोकन

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोतसाधन दिन्छ, उनीहरूलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ । त्यसको अर्थबोध गर्नुलाई सामाजिक लिङ्ग (जेण्डर) भनिन्छ । (भासिन, २००३)

हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग-अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले अपेक्षा गरेको भूमिका नै लैङ्गिक हो । जब एक बालकको जन्म हुन्छ तब ऊ केटा हुन्छ वा केटी हुन्छ । केटा र केटी छुट्याउने एक मात्र आधार उसको Sex Organ हुन्छ । जसले महिला र पुरुष बीचको भिन्नताको संकेत गरेको हुन्छ यो नै प्राकृतिक लिङ्ग भेद हो । साधारण अर्थमा भेदभाव भन्नाले एक अर्काप्रति असमान व्यवहार गर्नु अर्थात् एक पक्षलाई सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक जस्ता तहहरूमा प्रोत्साहित गर्नु र अर्को पक्षलाई निरुत्साहित गर्नु भन्ने बुझिन्छ । अझ नेपाली समाज र संस्कृतिमा त महिला माथि हुने भेदभाव असंख्य रूपमा देखिन्छन्, जसको पुष्टि “पोथी बास्नु हुँदैन”, “छोरी मरी ठूली घर परी” भन्ने विभिन्न प्रचलित सामाजिक कथनबाट हुन्छ । (चौलागाई, पोखेल, सापकोटा, २०६०)

यसप्रकार लैङ्गिक भेदभाव भन्नाले व्यक्तिगत आधारमा एक अर्कोप्रति गरिएको लिङ्गवाद अन्तर्गतको भेदभावपूर्ण व्यवहार हो भन्ने बुझ्न सकिन्छ । लिङ्गलाई जैविकले निर्धारण गर्दछ । विश्वका आधा आकाश ओगटेका महिला विरुद्ध विभिन्न किसिमका हिंसाहरू भएको पाइन्छ । सामान्य अर्थमा हिंसा भन्नाले एक अर्कोप्रति नराम्रो व्यवहार गर्नुलाई बुझिन्छ, । मानविय समाजमा पुरुष जो बाठो वा चतुर छ उसले निर्वल पक्षलाई आफ्नो नियन्त्रण र काबुमा राख्न खोज्छ त्यही परिवेशमा वर्तमान समाजमा महिला भन्दा पुरुष नै शक्तिशाली वा पहुँच पूर्णतामा रहेका अवस्था छ । विकास, शान्ति र समानताको प्रमुख बाधकको रूपमा हिंसा नै देखा पर्दछ ।

लिङ्ग र जेण्डरका बारेमा बज १९६८ मा प्रसिद्ध Psychologist Robert Stoller ले लिङ्ग र जेण्डर नामक पुस्तक प्रकाशित गरे त्यसपछि लिङ्ग र जेण्डरका दुइ ओटा अवधारणले मूर्त रूप लिन सक्यो । व्यक्तिको रूपमा लिङ्गको विशेषता जुन biologically निर्धारण भएको हुन्छ त्यो महिला र पुरुष दुवैमा पाउन सकिन्छ । सामान्यतया प्रत्येक व्यक्तिले आफ्नो पहिचान आफ्नो लिङ्ग बमोजिम निर्धारण हुन्छ । जस्तो पुरुषले पुरुषत्व र महिलाले महिलात्वको रूपमा आ-आफ्नो पहिचान प्रस्तुत गरेका हुन्छन् । (चौलागाई, २०६०)

प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केही भित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात् मौलाउन दिँदैन (भासिम, २००३) लैङ्गिक भूमिका भन्नाले सामाजिक परम्परा, मुल्यमान्यता अनुसार महिला पुरुषको काम सोचाइलाई बुझाउँछ । महिला र पुरुष बीचमा रहेको शक्ति सम्बन्धले गर्दा यी दुईले सम्पादन गर्ने कामको मूल्य फरक हुन्छ । शक्तिले लैङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग पुऱ्याउँछ । लैङ्गिकले सामाजिक जीवनलाई सांस्कृतिक ढाँचा अनुरूप संगठित गर्दछ । यो विगतमा परिवर्तन भएको थियो । वर्तमानमा परिवर्तन भएको छ र भविष्यमा पनि परिवर्तन हुनेछ (अर्याल, २०६२:७) प्राकृतिक रूपमा महिला र पुरुषको संरचना फरक भए पनि महत्व समान रहेको र सामाजिक तथा सांस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सिर्जना भएको हो । (मार्सल, १९९८)

## २.२ सैद्धान्तिक पुनरावलोकन

मानव सभ्यताको सुरुवात महिला र पुरुषबीच विभेद र असमान ज्यादै सीमित थिए । जब समाज दास युग हुँदै अगाडि बढ्यो तब पितृसत्तात्मक व्यवस्था संस्थागत रूपमा विकसित हुँदै आएको पाइन्छ । समाजका हरेक क्रियाकलापहरूमा महिलाको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाइन्छ । महिला भन्दा पुरुषले बढी अवसर र प्राथमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बञ्चित बन्दै गए । समाज भनेको विभिन्न संस्था, मुल्यमान्यता, नियम, परम्परा, मान्यताहरूको गतिशील सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मुल्यमान्यता, भूमिका र पदहरू दिइएको हुन्छ । यिनै मुल्यमान्यता कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् । मानव इतिहासको सुरुवातसँगै महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध विकसित भएको पाइन्छ । तर विभिन्न कालखण्डमा महिलाको स्थिति र अवस्थाको

बारेमा जागृत भई महिला हकहित र अधिकारको आवाज उठ्दै आएको पाइन्छ । त्यसैले महिलावद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक दर्शन एवं सिद्धान्त हो साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हक, हित, अधिकार र समानतालाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट समाजका हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ । वास्तवमा नारीवाद महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध कदापि होइन किनकी महिला शोषण र अत्याचारको विरुद्धमा कतिपय पुरुषहरू पनि लागि परेका थिए र छन् पनि जस्तै नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध, चीनमा केटीहरूका खुट्टालाई बाँधेर बढ्न नदिने चलनको विरोध आदि । नारीवादको सुरुवात १८ औँ शताब्दी देखि शुरु भएर पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढेको छ (चौलागाई, २०६०) ।

## महिलावादमा पहिलो धार

महिलावादको पहिलो धारको सुरुवात अमेरिकामा दासताको विरुद्ध महिलाद्वारा गरिएको आन्दोलन साथै एलिजावेथ स्टान्टन र लुसियाक मटइरा न्युयोर्कमा गरिएको महिला सम्मेलनले महत्वपूर्ण भुमिका खेलेका छन् । महिला आन्दोलनको यो धार महिलाको राजनीतिक, कानुनी र व्यक्तिगत स्वतन्त्रमा आधारित भएको पाइन्छ । यो आन्दोलनको यो धार महिलाको राजनीतिक, मतदान गर्ने अधिकार, महिलाका आधारभुत अधिकार, रोजगारी र शिक्षा आदि विषयलाई जोड दिएको पाइन्छ । सन् १९५३ मा प्रकाशित सिमोन द वोउवारको "दी सेकेण्ड सेक्स" पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो एकेडेमिक पुस्तक थियो । महिला मुक्ति आन्दोलनलाई सैद्धान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रूपमा अगाडि आएको थियो । "स्त्री पैदा हुन्न बरु उसलाई बनाइन्छ" भन्ने धारणाका साथ पुस्तक लेखिएको थियो यो धार सन् १९५० मा सुरु भएर सन् १९६० को प्रारम्भसम्म अस्तित्वमा रहयो । ( मार्सल्, २००४ )

## महिलावादको दोस्रो धार

महिलावादमा दोस्रो धारको विकास १९६० को दशकमा भयो । सन् १९६३ मा वेटी फ्रीडानले 'दी फेमीनमय मिस्टिक्यू' पुस्तकमा महिलालाई धर्म विभाजनबाट केवल घरभित्रका कामहरू जिम्मा लगाउने भएकोले महिला सीमित दायरामा बाँधिन्छन् । त्यसैले महिलालाई सार्वजनिक कामको क्षेत्रमा पहुँच दिइएको खण्डमा महिला स्वस्फूर्त रूपमा

स्वतन्त्र हुने थिए भनिएको छ । यो नै दोस्रो, धारको विकासमा कोसेढुङ्गा सावित भयो । सन् १९६० मा सुरु भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । विभिन्न ठाउँमा महिला संगठनहरू स्थापना भए । त्यसैगरी धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरूले सामाजिक साँस्कृतिक पक्ष लगायत महिला असमानता र विकासको व्याख्या गरे । यसरी महिलावादी दोस्रो धारमा महिलाविरुद्वको दमन शोषणको अन्त्य र महिला स्वायत्तलाई जोड दिइएको पाइन्छ । (मार्सल, २००४) ।

**महिलावादमा तेस्रो धार**

महिलावादमा तेस्रो धार १९८० को दशक पछाडि सुरु भएको मानिन्छ । तेस्रो धारको महिलावादले महिला माथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । यसले मूलत नारी-नारी बिचमा हुने फरकपनको विश्लेषण गर्दछ । सबै महिला (दमीत, शोषित, पिडित) को पिडा समान रहेको हुन्छ तर समाज, स्थान, उमेर, जाति, सँस्कृति, वर्ग, अवस्थिती अनुसार फरक-फरक रहेको छ । यो धारले जटिल अवस्थामा रहेका महिला समस्या उजागत गर्ने प्रयत्न गरेको छ । यस धारले ८० को दशकभन्दा अगाडि महिलाका सम्बन्धमा गरिएका अध्ययन, अनुसन्धान मनगणन्ते र यथार्थभन्दा टाढा रहेको भन्दै लैङ्गिक दर्शन र सिद्धान्तलाई तिब्र आलोचना गरिएको छ । नारीवादी तेस्रो धारको मूल जरा उत्तर आधुनिकवाद हो । उत्तर आधुनिकतावादले विविधता र पुनः संरचनाको व्याख्या गर्दछ । त्यसैले वर्तमान समयमा पनि विभिन्न सिद्धान्त र विषय अन्तर्गत समेटिएका र स्वतन्त्र महिलावादीहरू विभिन्न संघसंस्थाहरू, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् (मार्सल, २००४) । महिलाका बारेमा के त ? महिलाको अवस्था किन यस्तो छ ? महिलाहरूका बीचमा हुने फरक बारेमा के त ? अवस्थाहरूमा सुधार कसरी गर्ने त ? भन्ने आधाभूत प्रश्नहरूमा महिलावादी सिद्धान्तहरू आधारित रहेका छन् (रीटजर, १९९६) ।

यसरी महिलावदी आन्दोलन अगाडि बढ्ने प्रक्रियामा विभिन्न धारमा विभिन्न महिलावादी दृष्टिकोण/सिद्धान्त/अवधारणाहरूको विकास भएको पाइन्छ । अजमध्ये केही निम्नानुसार छन् ।

### क)	उदार महिलावाद वा सुधारात्मक महिलावाद

महिला मुक्ति र स्वतन्त्रता उदार महिलावादी सैद्धान्तिक विश्लेषणले निकै महत्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलालाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरूप निर्धारण गर्छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरू पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् त्यसैले उनीहरूको स्वतन्त्रतालाई बढवा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्छन् भन्ने मान्यता राख्दछ (रीटजर, १९९६) । उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्र उपलब्ध गराउन सकिएन समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलाका प्रजनन अधिकार, समाज शिक्षा, समान काममा समाज ज्याला, समान धरायसी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनीतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलाहरूले महिलाको अवस्था सुधार गर्न कानुनी र सांस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (आचार्य, २०६१) । उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिँदै नीतिगत रूपमा कानुनी सुधार र गलत लैङ्गिक सामाजिकरणको सच्याईमा जोड दिएको छ । यसका साथै हरेक पक्षमा महिलालाई स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहुँचमा जोड दिन्छ । वर्तमान सामाजिक संरचनामा नबसेर महिला मुक्तिको सम्भावना यस व्याख्याले देख्दछ (रिटजर, १९९६) ।

### ख)	मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति “आरिजिन अफ दी फ्यामिली प्राइभेट प्रोपटी एण्ड दी स्टेट” (१८८४) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारकतत्वहरू र विश्लेषणका तरिकाहरूको उल्लेख गरिएको छ । समाजको इतिहास भनेकै वर्ग संघर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग वर्गबीच मात्र संघर्ष नभएर शोषित र शोषण गर्ने समुहबीच मात्र संघर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । मार्क्सवादी महिलावादले वर्गिय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलामाथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ । यस प्रकारको महिला माथिको दमन, अत्याचार तथा शोषण खासगरी

पितृसत्ता र पुँजीवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलाहरूको रहेको छ । निजी सम्पतिको अवधारणाको विकाससँगै उत्पादन व्यवसायमा पुरुषका सहयोगिका रूपमा महिलालाई परिभाषित गरियो । सम्पतिको निरन्तर हस्तातरण र सम्वर्द्धनका लागि छोरा जन्माउने मेसिनको रूपमा महिलालार्य लिन थालियो । महिलाहरू घरभित्रकै भन्दामा सीमित गरिए यात कमसल कार्यमा कम ज्यालामा लगाए । जसलाई मलजल गर्ने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो । जहाँ स्रोतमाथिको नियन्त्रण पुरुषको हातमा केन्द्रित भएको हुन्छ (आचार्य, २०६१) ।

समाजको पुँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई गलत सामाजिकरण गरिएको छ । कम चेतनामा कमसल काम लगाइएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यमा रूपमा गणना गरिएको छैन । विद्यमान पितृसत्तालाई कायम राखिराख्न त्यस्तै किसिमका मुल्य र मान्यताहरू पुँजीवादी समाजमा बनाएका छन् । त्यसैले मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छन् तर पनि उनीहरू वर्तमान संरचामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन, व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रीटजर, १९९६) ।

### ग) आमूल महिलावाद/क्रान्तिकारी महिलावाद

आमूल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरू देखिएका छन् त्यसैले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यलाई निर्मुल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजका प्रत्येक जात, वर्ग, संरचना, संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारकतत्व भने पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको रहेको छ । यिनीहरूका अनुसार विभाजन र यस्तै अनुरूप सामाजिकरण तथा भूमिका हस्तातरण हुने गर्दछ । समाजमा प्रत्येक तह र निकायमा रहेको यौनजन्य शोषण र दमनमा परिवर्तन गर्न सकिएमा पनि लैङ्गिक समानता हुन सक्ने भन्दछन् (आचार्य, २०६१) ।

आमूल नारीवादले बच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिँदै परम्पराबाटै रहँदै आएको पारिवारिक स्वरूपलाई चुनौति दिन खोजेका छन् । आमूल महिलावादीहरूले पितृसत्तालाई महिला विकासको बोधक मान्दछन् । महिला विरुद्धका जतिपनि हिंसाजन्य घटनाहरू घट्छन् त्यसको कारण पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्छन् भन्दै महिलाको छुट्टै संसारको कल्पना गर्दछन् (रीटजर, १९९६ ) ।

**घ) समाजवादी महिलावाद**

यस समाजवादी महिलावादमा मार्क्सवादी तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिएको संश्लेषणको रूपमा लिइन्छ । जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ । मार्क्सवाद अन्तर्गतको वर्ग दमन र आमूल नारीवाद अन्तर्गतको लैङ्गिक उत्पीडन । दमनलाई सश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नुपरेको अधीनता विभिन्न ठाउँ तथा परिवेशमा के कति समाज वा असमान छ भन्ने मापन गर्न चाहन्छ । समाजमा विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग, यौनिक रुचि विश्वव्यापी एवं शब्दीय तहको स्थिति आदिका आधारमा व्याख्या एवं विश्लेषण गरिनुपर्छ भन्ने कुरालाई समाजवादी महिलाहरू जोड दिन्छन् (रीटजर, १९९६ ) ।

वोउवार (१९५३) ले महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा गरेको व्यवहारलाई विश्लेषण गरेकी छिन् । परम्परादेखि नै महिलाले विवाह गर्नुपर्ने नियति रहि आएको छ । आजपनि अधिकांश महिलाहरू यात विवाहित छन्, या कुनै बेला थिए या पुनः विवाहको योजना बनाइरहेका छन् भन्दै सामाजिक रूपमा विवाह नै त्यस्तो संस्था हो । जसले महिलाको नियन्त्रण गरेको हुन्छ । पुरुषको तुलनामा स्त्रीमाथि विवाहको बन्धन जर्बजस्ती लादिन्छ । विवाहको अलवा स्त्रीको साम् अन्य कुनै मार्ग देखाइदैँन र विवाहको निर्धारित उद्देश्य नै महिलालाई बन्धनमा राख्नु हो । महिलाले विवाह र यसबाट हुन आउने उत्तरदायित्वबाट मुक्ति पाउन सक्दिन । त्यसैले लेखिकाले विवाहलाई महिलाको शोषण, बन्धनको स्रोतको रूपमा विश्लेषण गरेकी छिन् । समाजको दृष्टि र घर गृहस्थीबाट महिला सधै नियन्त्रित भइरहने उल्लेख गरेकी छन् ।

## २.३ पूर्व साहित्य समिक्षा

थापा (१९८५) अनुसार, दक्षिण एसियाका विभिन्न मुलुकहरूका महिलाहरूको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरू विद्यमान रहेको विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानुनी र राजनीतिक तत्वहरूले प्रभाव पार्दै आइरहेको पाइएको छ ।

वेनेट (१९८३) ले उच्च ब्राह्मण, क्षेत्री परिवारका महिलाको सामाजिक, सांस्कृति पक्षलाई आधार मानी अध्ययन गरेकी छन् । जहाँ हिन्दु धर्म प्रभावित पितृसत्तात्मक परिवारको हैसियत विश्लेषण गरिएको छ । महिलाहरू पुरुष भन्दा शारीरिक रूपमा कमजोर भएका कारण विभिन्न घरेलु हिंसाको सिकार बन्नुपर्छ ।

सन् १९८८ मा भारतमा भएको महिला संगठनको एक सम्मेलनमा पारित प्रस्तावनामा भनिएको थियो महिलाहरूको हिंसाको विशेषगरी सामना गर्नुपर्छ जस्तो बलात्कार, यौन अत्याचार, सति, दाइजो हत्या, स्वास्नी कुटपिट, गर्भमा रहेको बच्चाको हत्या, बोक्सीको नाममा कुटपिट आदि जस्ता हिंसा र डरका कारण महिलाहरू असुरक्षाको भावनाले त्रसित छन् । विशाल महिला आन्दोलन गर्दा भित्र र बाहिर पनि यसको विरुद्धको संघर्ष बारे पनि ध्यान केन्द्रित गरिनुपर्दछ । (ऐजन, १७)

लिङ्गका आधारमा गरिने महिला हिंसा नेपाली समाजमा इतिहास देखि रहेको छ । नेपाली समाजमा कुल ३५ प्रतिशत महिलाले लिङ्गको आधारमा विवाह र महिला हिंसा अनुभव गरेका छन् । हिंसाको साथि नेपाल संस्थाले १९९७ मा विश्लेषण गरेको छ । नेपाली समाजमा हुने गरेका महिला विरुद्धका हिंसा यस प्रकार छन्: ९३ प्रतिशत यौनजन्य हिंसा २८ प्रतिशत, बल जर्बजस्ती गरेका हिंसा, ६४ प्रतिशत बहुविवाह गरेका हिंसा (साथि नेपाल)

## २.४ पूर्व अध्ययनको समिक्षा

लिङ्गका आधारमा गरिने घरेलु हिंसा नेपाली समाजमा इतिहासदेखि रहेको छ । नेपाली समाजमा कुल ३५ प्रतिशत महिलाले लिङ्गको आधारमा घरेलु हिंसा अनुभव गरेका छन् । (साथी नेपाल, १९९७) नेपाली समाजमा हुने गरेका महिला विरुद्धका हिंसा यस प्रकार छन् । ९३ प्रतिशत मानसिक यातना दिएर, ८२ प्रतिशत पिटेर वा शारीरिक यातनाका हिंसा,

३० प्रतिशत यौनजन्य हिंसा, २८ प्रतिशत बलजर्वजस्ति गरेका हिंसा, ६४ प्रतिशत बहुविवाह गरेका हिंसा (साथि नेपाल) ।

नेपालमा सम्पूर्ण हिंसा मध्ये ७० प्रतिशत हिंसा घरेलु हिंसा अन्तर्गत पर्दछन् । राष्ट्रिय महिला आयोगमा प्राप्त हुने उजुरीमा रिपोर्ट भएको तथ्याङ्क अनुसार सन् २०१० मा अहिले सम्मकै बढी महिला हिंसा भएको छ । १८ जनवरी २०११ यस अघिका वर्षहरूमा २५-३० वटा महिला विरुद्धका हिंसाका घटना दर्ता हुने गरेकोमा यो वर्ष ६७ वटा घरेलु हिंसा विरुद्धको उजुरी दर्ता भएको छ । नेपालमा एक वर्षमा ५८६ महिला हिंसा (८ मार्च २०११, २४ फाल्गुन, काठमाण्डौं) को घटना भएको तथ्याङ्क सार्वजनिक भएको छ । १०१ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले निकालेको प्रतिवेदनमा सो कुरा उल्लेख छ । प्रतिवेदन अनुसार सबैभन्दा बढी महिला हिंसाका घटना मध्यपरिश्चमाञ्चलमा १ सय ८५ महिला हिंसाका घटना भएका छन् । १ सय ८५ घटनामा १ सय ८५ महिला पिडित छन् जसमध्ये सुर्खेतमा सबैभन्दा बढी ९३ र डोल्पामा सबैभन्दा कम एकमात्र महिला हिंसाको घटना भएको इनसेकले जनाएको छ । इन्सेकका अनुसार महिला विरुद्धका हिंसाका घटना आफ्नै नजिकका नातेदार, छिमेकी, राजनैतिक दलका प्रतिनिधि र सुरक्षकर्मीबाट भएका छन् । सरकारले महिलामाथि हुने हिंसा अन्त्य गर्न कानुन बनाएपनि कार्यान्वयन पक्ष फितलो रहेकाले महिला विरुद्धका हिंसाका घटनामा कमी आउन नसकेको उनीहरूको भनाई छ । (हजुरको रेडियो अर्गनाइजेशन नेपाल समुह कम) हिन्दु दर्शन शास्त्र मनुस्मृतीका अनुसार महिला र पुरुष भगवानले निर्माण गरेका हुन् । भगवानको शरिरको आधा भाग पुरुष र आधा भाग महिलाले बनेको छ । तर पनि समाजमा महिला पुरुष बिच भेदभाव रहेको छ । तर धर्मशास्त्र अनुसार महिलालाई उच्च स्थान दिनुपर्ने मान्यता छ । जहाँ महिलाको पुजा हुन्छ त्यहाँ भगवान पनि खुशी हुन्छन् भन्ने भनाई हिन्दु शास्त्रले व्यक्त गरेको छ (सुवेदी, १९९७) ।

तराईमा दाइजो प्रथाका कारण महिलामाथिको अत्याधिक हिंसा हुने गर्दछ । नेपाली समाजमा परिवारीक संरचना पितृसत्तात्मक समाज, मुल्यमान्यता विभिन्न सामाजिक बन्देजहरू रहेका छन् । तिनै मुल्यमान्यताले नेपाली समाजमा घरपरिवारमा महिला विरुद्ध हिंसा निम्त्याएको छ । शिक्षा क्षेत्रमा पनि पुरुषभन्दा महिलाको साक्षरता जम्मा ४२.८ प्रतिशत मात्रै रहेको छ, कम मात्र साक्षरता प्रतिशत रहेछ । जबकी पुरुषका ६५.५ प्रतिशत साक्षरता प्रतिशत रहेको छ । (२००१, सेन्सस राष्ट्रिय जनगणना २०५८) । जबकी महिलाको

जनसंख्या ५१.५ प्रतिशत छ त्यसैकारण नेपालमा धेरै प्रकारका महिला विरुद्धका हिंसाका स्वरूपहरू रहेका छन् । शारीरिक यौनजन्य टचर छोरा नै चाहिन्छ भन्ने मान्यता दाइजो प्रथा र्‌याप मानसिक यातना शब्दहरूले घोच्ने भन्ने आरोपहरू लगाउने बहुविवाह जारी विवाह, देउकी, बाघिनी जस्ता प्रथा आदिले हिंसा बढाएका छन् । नेपाली समाज सा. अन्धविश्वासमा पर्ने धार्मिक, सांस्कृतिक मुल्यमान्यतामा चल्ने हुँदा महिलाको स्थिति माथि उठ्न सकेको छैन । गरिबी, अशिक्षा, आर्थिक क्षेत्रमा स्वामित्व कम हुनु आदि कारणहरू रहेका छन् । घरेलु हिंसा सबै समाजमा फैलिएको मुख्य समस्या हो । सांस्कृतिक आर्थिक धार्मिक तत्वहरूका साथै पुरुषले दबाउने नियन्त्रणमा राख्ने र कानुनद्वारा पनि पुरुषलाई बाबुपछि सोझै छोरामा सम्पतिको हक जाने बाबु आमा श्रीमति सन्तानको रक्ष ागर्ने कर्तव्य मान्यता पुरुषलाई दिएको र महिला सधैँ पुरुष प्रति भर पर्नुपर्ने आफ्नो कमाई आफु खुशी खर्च गर्न पाउने गर्दछ । यसरी महिला धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक मुल्यमान्यतामा चल्नुपर्ने बाध्यता रहेको गरिबी बेरोजगारी रक्सी खाने बानीले पनि महिला र पुरुषबीच द्वन्द ल्याउँछ । महिला माथिको घरेलु हिंसाले नेपाली समाजमा गहिरो जटिल जरा गाडेको छ । महिला र पुरुषको व्यक्तिगत चरित्र नै बनेको छ । बालिका अवस्थामा विवाह गर्ने, दाइजो दिने लिने, जातीयता रोज्ने, सन्तानमा छोरा नै जन्माउनुपर्ने मान्यता राख्नाले पनि घरपरिवामा हिंसा निम्त्याएको छ । जन्मदेखि वा गर्भदखि छोराछोरीमा भेदभाव गर्ने शिक्षामा खानपानमा स्वास्थ्य उपचारमा स्वतन्त्रता आदि पक्षमा भेदभाव गर्ने नेपाली समाजको संस्कृतिको रूपमा रहेको छ । नेपाल सरकारले कानुनि वा सामाजिक भेदभाव गर्न नहुने घोषणा गरेपनि कुनै प्रगति भएको छैन । हिंसा घटेको छैन । परम्परागत पितृसत्तात्मक परिवार गरिबी, अशिक्षा, फितलो कानुनी प्रावधानले नेपाली समाजमा महिला हिंसाको रोकथाम हुन वा नियन्त्रण हुन सकेको छैन । (एम.ओ.पी.ई, २००४)

पितृसत्ताको सुरुवात कहिलेदखि भयो भन्ने बारेमा एन्गलसको व्याख्या सन् १८८४ मा उनको पुस्तक ओरिजन अफ द फेमिलि, “प्राइभेट प्रपर्टी एण्ड द स्टेट” मा उल्लेख गरेका छन् । उनको भनाई अनुसार महिलाको नियन्त्रण र शोषणको शुरुवात व्यक्तिगत समपतिको शुरुवातसँगै भएको थियो । त्यसैबेला देखि इतिहास नारीको हार भयो उनका अनुसार वर्ग विभाजन र स्त्री अधिनता ऐतिहासिक तथ्य हो । जबकि व्यक्तिगत सम्पतिको अवधारणा आउनुभन्दा पहिला कुनै वर्ग लिङ्गको आधारमा कुनै विभाजन थिएन ।

आजभोली समाजका अधिकांश भागमा छोरी बेच्ने प्रथा हराउँदै गएपनि छोरीसँगै विवाहमा प्रशस्त दाइजो दिने र लिने प्रवृत्ति बढ्न थालेको छ । समाजमा छोरीका लागि योग्य बर पाउन धेरै दाइजो दिएर ज्वाई खरिद गर्ने वा छोरो बेचेर बुहारी भित्र्याउने प्रथाको उदयसँगै पारिवारीक बैमनस्यता र कुटुम्बसँगको सुमधुर सम्बन्धमा असन्तुष्टिका बालन मडारिएको छ । दाइजो प्रथाकै कारण परिवारमा जिउँदै बुहारी जलाएको घटना कुटपिट र सम्बन्ध विच्छेदका घटनाहरू समाजमा देखिएका छन्, जसले गर्दा समाजमा महिला माथिको घरेलु हिंसा बढाएको प्रमुख कारणको रूपमा देखिन्छ । (बराल, २०५६)

नेपाली कानुनी व्यवस्था पितृसत्तामा आधारित रहेको छ । विशेष महिला र बालिकाहरू विभिन्न किसिमका भेदभाव र शोषण भएका छन् । महिला माथि हुने लैङ्गिक भेदभाव घरबाट नै शुरु हुने र संस्कृतिको रूपमा संस्थागत बनेको देखिन्छ । बालिकाहरूलाई जन्मेदखि अरु सबैको नासोको व्यवहार गर्ने र शिक्षा र व्यक्तिगत विकासमा लगानि गर्न नचाहेको देखिन्छ । महिला र पुरुषलाई समान सुरक्षा दिन नसक्नुमा परिवार समाज मात्र नभएर कानुन पनि त्यत्तिकै जिम्मेवार रहेको उल्लेख गरिएको छ । नेपालको संविधानले महिला र पुरुषलाई समान अधिकार दिएता पनि पैतृक सम्पति विवाह सम्बन्ध विच्छेद महिला विरुद्ध हुने हिंसा आदि पक्षका कामहरू पुरुष केन्द्रित रहेका छन् । कतिपय संशोधन गरिएका कानुनहरू कार्यान्वयन अभावमा कागजी रूपमा नै थन्किएका छन् । २१ औँ शताब्दीको संघारमा आइपुग्दा महिला र पुरुष समान अधिकार र विकास निर्माण प्रक्रियामा सहभागिताको विकल्प छैन । महिलाका व्यक्तिगत समस्या र मुद्धाहरू महिलाका मात्र नभएर राष्ट्रिय समस्या र मुद्दाका रूपमा लिनु जरुरी छ । लैङ्गिक समानता अगाडि बढ्न राष्ट्रले विकासको नयाँ बाटो फेर्न सक्ने छ । त्यसैले नेपालको कानुनि अवस्थालाई हेर्दा पितृसत्तामको छाप परेको देखिन्छ भने जति पनि कानुनमा अधिकार दिएको छ त्यसको पनि पूर्ण उपयोग महिलाले गर्न सकिरहेका छैन । जब सम्म लैङ्गिक असमानता र भेदभाव कायमै रहन्छ, तबसम्म सुशासन र स्वस्थ प्रजातन्त्र प्राय असम्भव नै छ । (मानन्धर र भट्टचन, २००१)

नेपाली समाज बहुजाती, बहुभाषी, बहुसँस्कृति, बहुधार्मिक र भिन्न भौगोलिक अवस्थाको अनुपम संगम स्थल हो । जहाँ भिन्न भाषा जात धर्म संस्कृति र भौगोलिक अवस्था रहे अनुरूप भिन्न चाडपर्व संस्कृति र संस्कारहरू फरक फरक हुन सक्छन् । महिला अधिकारका कुरा महिलासँग मात्र सम्बन्धित नरही बालबालिका परिवार समाज र विश्व

समुदायकै उन्नति र हितका विषयहरू हुन् भन्ने उल्लेख गरिएको छ । जसको सही अनुभुति आज सम्म पनि हुन सकिरहेको छैन । महिला अधिकार र समानताका कुराहरू कागजी रूपमा मात्र सिमित रही अझै परिणाममुखि हुन नसकेको र संयुक्त राष्ट्र संघले सहस्राब्दी सम्मेलन गरीसक्दा समेत राष्ट्र निर्मित कानुनहरूले नै महिला विरुद्ध प्रत्यक्ष रूपमा भेदभाव पुर्ण व्यवहार गरिरहेको उल्लेख गरिएको छ । सरकारका निति कार्यक्रममा केहि मात्रामा प्रगति भए पनि महिलाको अवस्थामा चुनौतिपुर्ण नै देखिएको छ । छोराको चाहनाको कारण स्त्री भुर्णको हत्या, बलत्कार, बेचबिखन, मानसिक, यातना, बालबिवाह, बहुप्रतिभा, दाइजो प्रथा, दुलहीलाई जलाउने कार्य, र्दुवचना, यौनजन्य दुर्व्यवहार आदी नेपालमा विद्यमान महिला हिंसाका केहि स्वरूपहरू हुन् । नेपालका परम्परागत साँस्कृतिक हिंसाका रूपहरू जस्तै देउकी, बादी र झुमा प्रथाहरू पनि प्रचलनमा छन् । दाइजो को नाममा शारीरिक यातना र मानशिक तनावहरू पनि पटक-पटक प्रकाशमा आउने गरेका छन् । महिला विरुद्ध हुने कैयौं अपराधहरू प्रकाशमा नै नआउने र यस्ता पिडित महिलाहरूको विश्वसनिय तथ्याङ्क प्राप्त नहुने साथै प्रभावकारी कानुनि र सामाजिक समर्थनका अभाव रहेको छ । सामाजिक न्यायको अभावले महिलामाथि हिंसा हुने गरेका समेत उल्लेख गरिएको छ । (महिला, कानुन र विकास मञ्च, २०५८) ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

प्रस्तुत शोध पत्रमा नेपालको कास्की जिल्लामा पर्ने पोखरा वडा नं. ७ मा सिमित रहेर विवाहित महिलाहरू ७२ घरको एक महिलालाई उत्तरदाताको रूपमा लिइएको छ । घरेलु हिंसा नेपालको जुनसुकै ठाउँ, जात, जातिमा रहेको पाइन्छ । अझ प्राय गरेर विवाहित महिलाहरू माथि भने कुनै न कुनै घरेलु हिंसा भइरहेको देखिन्छ । यस अध्ययनको उद्देश्य प्राप्त गर्न राष्ट्र बैंक मार्गका महिलाहरूमा हिंसा छ वा छैन त्यहाँको धारणा र विचार बुझ्न यस क्षेत्रलाई छानिएको छ । त्यसैको आधारमा प्रत्येक घरको विवाहित महिलाहरू छानी त्यहाँ महिला हिंसा छ या छैन त्यसको खोजी गर्नको लागि र यस क्षेत्रमा यो भन्दा पहिला घरेलु हिंसाबारे कुनै अध्ययन नभएकोले र यो शहरी क्षेत्र भए पनि त्यहाँका महिलाको वास्तविक स्थिति थाहा पाउन घरेलु हिंसाबारे अध्ययन गरिएको छ । विवाहित महिलाहरू माथि हुने घरेलु हिंसाको पहिचान गरी त्यसको कारण पत्ता लगाई खोज तथा विश्लेषण गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनको प्रीाप्तको लागि र यस किसिमको अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको प्रतिनिधिहरूको विस्तृत जानकारी लिनका लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारीवारिक संरचनाको स्थिति साथै उनीहरूको विचार, अनुभव ज्ञानलाई बुझ्न वर्णानात्मक र महिलाहरूको हिंसाप्रतिको धारणा बुझ्न र हिंसाको कारण र महिलाको अवस्थामा पारेको प्रभावको अध्ययन गर्ने अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

स्तरीय सोधकर्ताका लागि तथ्याङ्कन संकलन गरियो । अध्ययनको उत्कृष्ट परिणामको लागि यस तथ्याङ्क संकलन विधि भर पर्ने भएको हुँदा सबै उत्तरदाताको तथ्याङ्क संकलन

गरियो । साथै आवश्यकता अनुसार सम्बन्धित स्थलगत अध्ययन महिलाहरूमा छलफल, अवलोकन अन्तर्गत प्रश्नावली पर्दछन् भने द्वितीय स्रोत अन्तर्गत महिला माथिको हिंसासँग सम्बन्धित विभिन्न लेख, रचना, पत्रपत्रिका, जर्नल, पुस्तक, इन्टरनेट,समाचार, साहित्य अनुसन्धान वा प्रतिवेदनको सहयोग लिइएको छ ।

## ३.४ तथ्याङ्क संकलनको विधि

### ३.४.१ प्रश्नावली अनुसूची

पोखरा लेखनाथ वडा नं. ७ विवाहित महिला माथि हुने घरेलु हिंसा प्रतिको धारणा बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहने र विभिन्न प्रकारका सूचिवद्ध प्रश्नहरूलाई उत्तरदाता प्रतिनिधि समक्ष पुऱ्याउने सम्पूर्ण उत्तरदाताको विचार, धारणा, अनुभव घटनाहरूलाई बुझ्नुको साथै त्यस क्षेत्रका स्थानीय आमा समुहमा आवद्ध महिलाको सामाजिक, आर्थिक, लैङ्गिक, शैक्षिक अवस्थाको जानकारी लिइएको छ ।

विवाहित महिलाहरू माथि हुने घरेलु हिंसाप्रतिको धारणा बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहने र विभिन्न प्रकारका सूचीवद्ध प्रश्नहरूलाई उत्तरदाता प्रतिनिधि समक्ष पुऱ्याउने सम्पूर्ण उत्तरदाताको विचार, धारणा, अनुभव बुझ्नको साथै त्यस क्षेत्रका ७२ घरको १/१ विवाहित महिलाको सामाजिक, आर्थिक, धार्मिक, लैङ्गिक, शैक्षिक व्यवस्थाहरूको जानकारी लिइएको  छ ।

### ३.४.२ अवलोकन

प्रस्तावित अध्ययनमा तथ्याङ्क संकलनमा नमूना छनोट गरिएका महिलाहरूको अवस्था मनोभावना अनुभवलाई अन्तरक्रियात्मक रूपमा अगाडी बढाउने र महिलामाथि हुने घरेलु हिंसाप्रति स्थानीय महिलाहरूमा के कस्तो धारणा छ कसरी हिंसालाई हेर्नुहुन्छ भनि अध्ययन क्षेत्रमा गएर आफै अवलोकन गरी उनीहरूसँग अन्तरक्रिया गरेको छु ।

### ३.४.३ वैयक्तिक अध्ययन

उद्देश्यमूलक अनुसन्धानको लागि वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धान गर्दा महिलाहरू माथि हुने घरेलु हिंसा प्रतिको धारणाको साथै हिंसाको कारण खोजी गरिएको हुँदा केही व्यक्तिगत तथा पारीवारिक घटनाको पनि अध्ययन गरिएको छ ।

## ३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

अध्ययनमा संकलन गरिएका तथ्याङ्कलाई आवश्यकता अनुसार गुणात्मक तथा विश्लेषणात्मक रूपमा व्याख्या गरिएको छ । सामान्यतः प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरणबाट ग्राफ पाइचार्टको मद्दतद्वारा विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको परिचय

पोखरा उपत्यका ७५० वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । समुन्द्री सतहदेखी ७२७ मिटर देखी ९८० मिटर सम्मको उचाईमा अवस्थित छ । पोखरा उपत्यकाको क्षेत्रफल ५५.६६ वर्ग कि.मि. रहेको छ । यस उपमहानगरपालिकाको सालाखाला ३३$^{0}$ से. अधिकतम तापक्रम देखि ५.६$^{0}$ सम्म न्यूनतम तापक्रम रहने गर्दछ । नेपाल अधिराज्य भरिको सबैभन्दा बढी वर्षा हुने सहरको रूपमा चिनिने पोखराको हावापानी समशीतोष्ण किसिमको छ वार्षिक सरदर ३०० देखि ४५० स.मि. सम्म वर्षा हुने गर्दछ (सूचना अभिलेख केन्द्र पोखरा, २०६८)

**जनसंख्या**

हालसम्म पाइएका ऐतिहासिक दस्तवेजको आधारमा भन्दा पोखरा उपत्यकामा बस्तीको विकास वि.सं. १८५० देखि भएको अनुमान गरिन्छ । २०५८ सालको जनगणना अनुसार पोखराको जनसंख्या २६४९९१ रहेको छ । यस उपमहानगरपालिकाको वार्षिक औसत जनसंख्या वृद्धिदर करिब ७.४१ प्रतिशत रहेको अनुमान छ भने औसत जनघनत्व ३८४८८ वर्ग कि.मि. रहेको छ । जसमा ब्राह्मण प्रथम स्थानमा ३५६९७ छन् भने दोस्रो स्थानमा क्षेत्री जातीको ३३७९५ र तेस्रो स्थानमा गुरुङ २३९६५ रहेका छन् (बराल, २०६०) पोखरामा जम्मा घरधुरी संख्झा ३७३०५ रहेका छन् । महिला ७६७४९ र पुरुष ७९५६३ रहेका छन् (जनगणना, २०६८) ।

यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, तामाङ, थकाली, राई, ठकुरी, मगर, दमाई, कामी, सार्की, पोँडे, गाइने आदी जनजातिको बसाबास रहेका छन् । यहाँको बासिन्दाले मानिआएको धर्ममा हिन्दु, बौद्ध, मस्लिम, क्रिस्चियन प्रमुख रूपमा पर्दछन् । दशै, तिहार, तिज, जनैपूर्णीमा, फागुपूर्णीमा, शिवरात्री, बुद्धजयन्ती, ठूलो एकादशी, माघे संक्रान्ति, ल्होसार, इद, क्रिसमस आदी चाडपर्वहरू यहाँ मनाउने गर्दछन् । यहाँका मानिसहरूको प्रमुख पेशा व्यापार, सरकारी एवम् गैर सरकारी क्षेत्रमा सेवा, विदेशमा सेवा आदि रहेका छन् (सूचना तथा अभिलेख केन्द्र, पो.उ.न.पा., २०६८) ।

## ४.२ अध्ययन क्षेत्र राष्ट्र बैंक मार्गको परिचय

अन्नपूर्ण तथा माछापुच्छ्रे हिमाल पर्वतमालाको काखमा अवस्थित प्राकृतिक छटाको वरदान पाएको यस सुन्दर पोखरामा अवस्थित छ । जसको हल्का २०० मिटर तल गएमा डेम देखिन्छ । यहाँ विभिन्न महत्वपूर्ण सरकारी संघसंस्थाहरू पनि अवस्थित रहेको छ । यस क्षेत्र राष्ट्र बैंकको अगाडी रहेको कारण यसलाई राष्ट्र बैंक मार्ग राखिएको हो । यहाँ विभिन्न ठुलाठुला बैंकहरूको कारोबार गरिन्छ । यस क्षेत्रबाट ३००-५०० मिटरको दुरीमा लेकसाइड पुगिन्छ यो पोखराको पर्यटनको दृष्टिकोणबाट सबैभन्दा राम्रो ठाउँ मानिन्छ । यसबाट विदेशी मुद्राहरूको आयआर्जन गर्न टेवा पुऱ्याएको छ । दक्षिण पट्टीको साइडमा साह्रै रमणीय गुप्तेश्वरी गुफा डेविडफल, शान्तीस्तुपा, खहरे खोला, पावरहाउस आदी अवस्थित छ जुन पर्यटन हिसाबबाट एकदम महत्वपूर्ण रहेको हामी इतिहासबाट नै देख्न सकिन्छ । पोखराको बढी भन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने ठाउँ पनि यही हो । प्रमुख प्राकृतिक रूपबाट पनि सुन्दर दृष्य यस क्षेत्रबाट देख्न सकिन्छ । खासगरी नेपालको शिक्षा तथा निजामती सेवा, शाही नेपाली सेना, नेपाल प्रहरीका अतिरिक्त भारतीय सेना तथा तेस्रो मुलुकका विभिन्न पेशामा संलग्न भई आत्म निर्भर रहन सफल भएका छन् ।

## ४.३ उत्तरदाताहरूको सामाजिक, साँस्कृतिक अवस्था

अध्ययन क्षेत्र र उत्तरदाताहरूको सामाजिक साँस्कृतिक एवम् जनसांख्यिक पृष्ठभुमिले उनीहरूको जीवनशैलीमा ठुलो प्रभाव पारेको छ । कुनै पनि महिलामाथि हिंसाको घटना घट्नुमा महिलाको उमेर, जातजाती, भाषा, धर्म, वैवाहिक स्थिति, परिवारको प्रकार, धार्मिक संरचना, बच्चा उत्पादनको स्थिति परिवारको आम्दानीको स्रोत, शिक्षाको तह, महिलाको पेशा आदिले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकोले यस अध्ययनमा उक्त चलहरूलाई सामान्य परिचयको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ उत्तरदाताहरूको उमेर संरचना

उमेर संरचनामा विवाहित महिलाहरूमाथि हुने घरेलु हिंसा हुनमा प्रभाव पार्ने तत्वहरू मध्ये एक महत्वपूर्ण तत्व हो । सानो उमेरदेखि ठुलो उमेर सम्मका महिला सहभागी भएका र सबै उमेरका महिलाहरूलाई हिंसा भएको भएपनि खास गरी विवाहित

महिलाहरूमाथि कुनै न कुनै हिंसाबाट पिडित हुन सक्दछ यस सम्बन्धी विवरण उत्तरदाताहरूको उमेर, संरचनालाई तलको तालिकामा स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.१ : उत्तरदाता महिलाहरूको उमेर समूह**

| उमेर समूह | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० वर्ष | ६ | ८.३३ |
| ३०-४० वर्ष | २१ | २९.१६ |
| ४०-५० वर्ष | २६ | ३६.१२ |
| ५० वर्ष भन्दा माथि | १९ | २६.३८ |
| जम्मा | ७२ | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार कुल ७२ जना विवाहित महिला उत्तरदाता रहेका छन् । ती कुल ७२ उत्तरदाता महिला समूहको चारवटा उमेर समूह वर्गीकरण गरिएको छ । त्यसमध्ये ४०-५० वर्ष उमेर समूहका २६ जना (३६.१२%) महिला र अन्य उमेर समूहका महिला उत्तरदाताभन्दा बढी देखिन्छ २०-३० सम्मका उमेर समूहका उत्तरदातामा जम्मा ६ जना (८.३३%) अति कम उमेर समूहका उत्तरदाता महिला समूहमा पर्दछन् । त्यसैगरी ५० वर्ष भन्दा माथि उमेरका उत्तरदाता महिला १९ जना (२६.३८%) रहेको देखिन्छ । त्यसैगरी ३०-४० वर्ष उमेर समूहका महिला उत्तरदाता २१ जना (२९.१६%) उत्तरदाता समूह भएको देखिन्छ ।

### ४.३.२ शैक्षिक योग्यता अनुसार हिंसाको अवस्था

शिक्षा नै मानव जीवनको विकासको मुख्य आधार हो । जसले जीवनका कतिपय कठिनाई पार लगाउँछ । शिक्षाबाट महिलालाई हरेक क्षेत्रमा उच्च रहन सहयोग गर्दछ । शिक्षा नै उज्यालोको संकेत मानिन्छ । शिक्षाबाट महिलाको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउन मद्दत गर्दछ । शिक्षाले महिलाको जीवनमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । जसबाट उनीहरूको इज्जत, मान प्रतिष्ठान उच्च रहन यसले सहयोग गराउँदछ । महिलाहरू भन्दा अशिक्षित महिलाहरूको दर धेरै रहेको देखिन्छ । त्यसैले महिला हिंसा

बढाउनका लागि शिक्षाले पनि महत्वपूर्ण भुमिका खेलेको हुन्छ । शिक्षा पनि एक चल हो । शिक्षाको कमिले महिलाहरू बढी हिंसामा परिरहेको देखिन्छ । शिक्षाले महिलालाई सशक्तिकरणतिर लैजान्छ साथै ज्ञान, क्षमता आत्मविश्वास जस्ता कुराको वृद्दि विकास भएमा मात्र महिलाहरू विकास प्रकृयामा सहभागी हुन सक्छन् । हरेक मानविय व्यवहारको उद्गम उसको ज्ञान र शिक्षामा आधारित हुन्छ । जुन व्यक्ति परिवार र समाज शिक्षित छ, त्यस परिवार र समाजमा मानविय मूल्य मान्यता र नैतिकता विरुद्धका कार्य र व्यवहारहरू हुने संभावना कम रहन्छ त्यसकारण शिक्षा र घरेलु हिंसाबीच अति घनिष्ट सम्बन्ध रहेको देखिन्छ । त्यसैले हिंसालाई पनि शिक्षा, उमेर र विवाह सबैले असर पार्दछ । नेपाली समाजको सन्दर्भमा विवाहित महिलाले धेरै नै सामाजिक, आर्थिक बोझ व्यवहारको सामना गर्नु पर्ने हुन्छ । उनीहरू कतिपय जीवनका मौकाहरू आउँदा उनीहरूले सुविधाहारु लिन पाइरहेको हुँदैनन् । सानो उमेरमा विवाह हुने सामाजिक प्रक्रियाले महिलाले आफूलाई अभाव र सानो उमेरमा विवाह हुनुको कारणले आफ्नो व्यक्तित्व निर्माणमा असर पर्दछ । शिक्षा रोजगारी आर्थिक कमजोरीको कारण घरपरिवार तथा समाजमा महिलाहरू पनि शिक्षा, रोजगारी आर्थिक पक्षमा हिंसामा परेको देखिन्छ । उक्त कुरालाई निम्न तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ४.२ : शैक्षिक योग्यता अनुसारको हिंसाको अवस्थाको विवरण**

| **शैक्षिक योग्यता** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | १६ जना | २२.२३ |
| साक्षर | १५ जना | २०.८३ |
| प्रा.वि. तह | ९ जना | १२.५ |
| मा.वि. तह | १९ जना | २६.३८ |
| उच्च शिक्षा | ९ जना | १२.५ |
| स्नातक | ४ जना | ५.५५ |
| स्नातकोत्तर | ० | ० |
| जम्मा | ७२ | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार कुल ७२ जना उत्तरदाता महिलाहरूमध्ये १९ जना अर्थात् २६.२८ प्रतिशत महिला मा.वि. तहमा, निरक्षर १६ जना अर्थात् २२.२३ प्रतिशत, साक्षर १५ जना अर्थात् २०.८३ प्रतिशत, प्रा.वि. तहमा ९ जना अर्थात् १२.५ प्रतिशत, उच्च शिक्षामा ९ जना अर्थात् १२.५ प्रतिशत, स्नातक तहमा ४ जना अर्थात् ५.५५ प्रतिशत महिला रहेको देखिन्छ । यस सर्वेक्षण प्राय महिलाहरू साक्षर नै देखिएको छन् । जम्मा ७७.७८ प्रतिशत महिलाहरू साक्षर र २२.२३ प्रतिशत महिलाहरू निरक्षर देखिएका छन् । निरक्षर महिलाको संख्या पनि घरेलु हिंसाको घटना बढाउन सक्ने प्रमुख आधार बन्न सक्ने देखिन्छ ।

### ४.३.३ महिलाहरूको पेशा र व्यवसाय

पेशाले कुनै पनि व्यक्तिको आर्थिक स्तरलाई निर्धारण गर्दछ । पेशाले नै घरपरिवारको जीवनस्तर वृद्धि गर्न मद्दत गर्दछ । हरेक घरपरिवारमा महिला हिंसा हुनुमा पनि पेशा एक महत्वपूर्ण कारण तत्व हो । पेशा तथा आम्दानीले व्यक्तिको आर्थिक स्तरलाई जनाउँदछ ।

**तालिका ४.३ : महिलाहरूको पेशागत अवस्थाको विवरण**

| महिलाहरूको पेशा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| सेवा (निजी/सरकारी) | ९ जना | १२.५ |
| स्वरोजगार | ५ जना | ६.९५ |
| व्यापार | २१ जना | २९.१६ |
| मजदुरी | ६ जना | ८.३३ |
| गृहिणी | ३१ जना | ४३.०५ |
| जम्मा | ७२ | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार कुल ७२ जना उत्तरदाता महिलाहरूको पेशालाई हेर्दा ३१ जना अर्थात् ४३.०५% गृहणी महिला उत्तरदाता भएको देखिन्छ । त्यसैगरी २१ जना अर्थात् २९.१६ प्रतिशत महिला व्यापारमा ९ जना अर्थात् १२.५ प्रतिशत सेवामा, ६ जना अर्थात् ८.३३ प्रतिशत मजदुरीमा ५ जना अर्थात् ६.९४ प्रतिशत स्वरोजगारमा महिलाहरू संलग्नता रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने नेपाली समाजमा धेरै जसो महिलाहरू घर

भित्रको कार्यमा व्यस्त रहेको छ । उनीहरू श्रीमान माथि आर्थिक रूपले निर्भर छन् । जसले गर्दा घरभित्र घरेलु हिंसाका घटनाहरू बढेर जान्छन् । आर्थिक स्रोत माथि पहुँच नहुनाले जग्गा जमिनमाथि अधिकारको कमीले गर्दा महिलाहरू पिडित हुन्छन् ।

### ४.३.४ धार्मिक संरचनाको आधारमा महिलाको अवस्था

नेपाली समाज पितृसत्तात्मक सामाजिक मूल्य मान्यतामा चल्ने र हिन्दु धर्मले महिलालाई निम्न स्थिति तिर लगेको छ । पुरुषलाई उच्च स्थानमा राखेको छ । महिलालाई अनेक धार्मिक बन्धनले बाधिएको छ । महिलालाई धर्मको नाममा चुप लागेर बस्नुपर्ने स्थिति सम्म पुऱ्याएको छ । धर्मको अवस्था तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ४.४ : महिलाहरूको धार्मिक संरचनाको विवरण**

| धर्म | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५२ जना | ७२.२२ |
| बौद्ध | १६ जना | २२.२३ |
| मुस्लिम | १ जना | १.३९ |
| इसाई | ३ जना | ४.१७ |
| जम्मा | ७२ जना | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*


माथिको तालिकामा कुल जम्मा ७२ जना महिला उत्तरदातामध्ये ५२ जना अर्थात् ७२.२२ प्रतिशत हिन्दु धर्म, १६ जना अर्थात् २२.२३ प्रतिशत बौद्ध धर्म, ३ जना अर्थात् ४.१७ प्रतिशत इसाई र १ जना अर्थात् १.३९ प्रतिशत मुस्लिम धर्म मान्ने देखिन्छ । यसमा पनि हिन्दु धर्मको मान्यताले ब्राह्मण, क्षेत्री महिलाको शोषण गराउन सक्ने परिवेश बनाउने भुमिका तयार गर्ने विचारमा दुई मत हुन सक्दैन ।

### ४.३.५ परिवार संरचनाको आधारमा महिलाको अवस्था

प्रत्येक व्यक्ति परिवारमा बस्छन् परिवार नै प्रत्येक व्यक्तिको पाठशाला हो । परिवार बिना कोहि मानिस बस्न गाह्रो हुन्छ । परिवारको माध्यमबाट नै व्यक्तिले माया ममता,

स्याहार सुसार र सुरक्षा प्रदान गर्दछ । परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व विकासमा प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । सासु, ससुरा, श्रीमान श्रीमती र तिनका बच्चा, देवर, जेठाजु, नन्द, आमाजु सबै एकै ठाउँमा भएको परिवारलाई संयुक्त परिवार भनिन्छ भने श्रीमान श्रीमती र उनीहरूको बच्चा मात्र भएको परिवारलाई एकल परिवार भनिन्छ । तलको चित्रले अध्ययन क्षेत्रका महिलाको अवस्था जनाउँछ ।

**चित्र ४.१: महिलाको पारिवारिक संरचनाको विवरण**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त स्तम्भ चित्र अनुसार कुल ७२ जना उत्तरदाता महिलाहरूमध्ये ५३ जना अर्थात् ७४ प्रतिशत एकल परिवारमा १९ जना २६ प्रतिशत संयुक्त परिवार रहेको देखिन्छ । जसमा एकल परिवार हुने उत्तरदाताहरू बढी देखिन्छ । यसमा के बुझ्न सकिन्छ भने समयको परिवर्तन संगै संयुक्त परिवारबाट छुट्टिएर एकल परिवार भएको देखियो ।

विवाहको उमेरको आधारमा महिलाहरूको अवस्था नेपालको कानुनमा पुरुषको एक्काइस वर्ष र महिलाको अठार वर्ष विवाहको उमेर तोकिएको छ तर कानुन विपरित सानो उमेरमा छोरीको विवाह गरिदिने प्रचलन नेपाली समाजमा रही आएको छ । (राष्ट्रिय जनगणना, २०५८) तर पनि सानो उमेरमा विवाह गरेका र गरिदिने अभिभावकलाई कुनै कानुनी कारबाही भएको देखिदैन त्यसैले महिला हिंसा नेपाली समाजमा कतिपय धार्मिक, साँस्कृतिक र कानुनी आयाममा महिलाहरू अन्यायमा परेका छन् । त्यसले महिलालाई हिंसा तिर डोऱ्याउने काम गरेको देखिन्छ । राष्ट्रबैंक मार्गका महिलाहरू पनि प्राय सानै उमेरमा

विवाह भएको र आफ्नो आर्थिक अवस्था शिक्षा रोजगारीमा असर परेको तथा हिंसा तिर डोऱ्याएको अनुभव व्यक्त गर्दछन् । धेरै महिलाहरू विवाह पछि नै घरेलु हिंसाका पिडित बनेको देखिन्छ । हिंसा श्रीमान र उसको परिवारको सदस्यसँग सम्बन्धित हुन्छ । नेपाली समाजमा पुरुष प्रधान समाज मानिन्छ । कतिपय परिवारमा विवाहपछि श्रीमान श्रीमती बीच मदभेद सासु, बुहारी, नन्द आमाजु, बुहारी बीच तनाव देवरानी जेठानीबीच तनाव र हिंसा हुने गर्दछ । विवाह गर्दाका उमेरको आधारमा विवाहित महिलाले दिएको जानकारी अनुसार यस प्रकार रहेको छ ।

**तालिका ४.५ : महिलाहरूको धार्मिक संरचना**

| **विवाहका उमेर** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| १५ वर्ष वा त्यो भन्दा कम | ७ जना | ९.७२ |
| १५-२० | २९ जना | ४०.२८ |
| २०-२५ | २७ जना | ३७.५० |
| २५-३० | ९ जना | १२.५ |
| जम्मा | ७२ जना | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार ७२ जना उत्तरदाता मध्य १५ देखि २० वर्षभित्र विवाह भइसकेको महिला उत्तरदाता २९ जना अर्थात् ४०.२८ प्रतिशत रहेका छन् भने २० देखि २५ वर्षमा विवाह भएका २७ जना अर्थात् ३७.५० प्रतिशत रहेका देखिन्छन् त्यस्तै २५ देखि ३० वर्षमा विवाह भएका ९ जना अर्थात् १२.५ प्रतिशत रहेका छन् । अन्तमा १५ वर्ष भन्दा वा त्यो भन्दा कम उमेरका विवाह गर्ने ७ जना अर्थात् ९.७२ प्रतिशत रहेका देखिन्छन् । यसरी हेर्दा ७२ जना विवाहित महिलाहरूमध्ये १५ देखि २० वर्षमा विवाह हुनेको संख्या बढी देखियो पितृसत्तात्मक सामाजिक मूल्य मान्यताले महिलाको सानै उमेरमा विवाह गरिदिने प्रथा चलेको देखिन्छ ।

छोरीलाई र बुहारीलाई पनि छोरा सरह शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा खर्च नगर्ने परिपाटी देखिन्छ । छोरीलाई आत्मनिर्भर बन्न र व्यक्तित्व विकास गर्नको लागि सिप तालिम शिक्षाको असरभन्दा पनि बढी सान्दर्भिक विवाहलाई मान्ने गरेको देखिन्छ । अझ महिलाहरू

विवाह पछि बढी घरेलु हिंसाको चपेटामा परेको छ । विवाह जस्तो जीवनको अति महत्वपूर्ण र संवेदनशील कार्यमा समेत महिलाको निर्णय गर्ने अधिका र पहुँच नभएकोले आत्मनिर्णयको स्वतन्त्रता नरहेको महिलाहरूको सानो उमेरमा विवाह भएकोले उनीहरू विवाह पश्चात् शिक्षा, स्वास्थ्य र रोजगारीम जस्ता क्षेत्रमा सरिक हुने परिस्थितिको सिर्जना कुन सक्ने विद्यमान पितृसत्तात्मक समाज तथा घरपरिवारको संरचनाले महिलामाथि पारिवारिक हिंसा हुन सक्ने वातावरण सिर्जना गरेको छ ।

### ४.३.६ पारिवारिक स्थितिको आधारमा महिलाको अवस्था

विवाह एक सामाजिक संस्था हो । नेपाली समाजमा पितृसत्तात्मक मूल्य मान्यतामा चल्ने हुँदा विवाह सानै उमेरमा हुने गरेको छ । सानो उमेरमा विवाह हुनु विवाहपछि विद्यवा हुनु, छोडपत्र हुनाले परिवारमा अझ बढी हिंसा बढाउँछ । जहाँ महिलाको इज्जत गरिदैन त्यस ठाउँमा महिला हिंसा हुन्छ । सानै उमेरमा विवाह भएर सन्तान धेरै उत्पादन गर्नु विवाहको अवस्थाले पनि हिंसालाई प्रभाव पार्दछ । तलको तालिकाबाट यो अवस्था प्रष्ट हुनेछ ।

**तालिका ४.६ : पारिवारिक स्थितिको आधारमा उत्तरदाताको अवस्थाको विवरण**

| पारिवारिक स्थिति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| नव विवाहित | ३ | ४.१७ |
| श्रीमान विदेश गएको | ८ | ११.११ |
| श्रीमानसँगै रहेको | ४६ | ६३.८९ |
| सम्बन्ध विच्छेद | ९ | १२.५० |
| विद्यवा | ६ | ८.३३ |
| जम्मा | ७२ | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार कुल ७२ जना उत्तरदाता विवाहित महिलाहरूमध्ये ४६ जना अर्थात् ६३.८९ प्रतिशत श्रीमानसँगै रहेको, सम्बन्ध विच्छेद ९ जना अर्थात् १२.५० प्रतिशत श्रीमान विदेश गएको, ८ जना अर्थात् ११.११ प्रतिशत, विधवा ६ जना अर्थात् ८.३३

प्रतिशत त्यसैगरी नव विवाहित ३ जना अर्थात् ४.१७ प्रतिशत उत्तरदाता महिला रहेको देखिन्छ । यस तथ्याङ्कबाट केप्रष्ट हुन्छ भने महिलाको अवस्था विवाहपछि खासै सन्तोषजनक छैन । ४६ जना विवाहित महिला परिवारसँगै बसेको र त्यस बाहेकका अन्य ९ जना महिला श्रीमानसँग छुट्टिएक बसेको देखिन्छ ।

# अध्याय पाँच

# विवाहित महिला माथिको घरेलु हिंसा र कारणहरू

महिलाको निजी वा सार्वजनिक शारीरिक यौनिक तथा मनोवैज्ञानिक रूपमा आघात पुऱ्याउने गरी संचालन गरिने लिङ्गमा आधारित क्रियाकलाप वा अन्य किसिमको आघात पुऱ्याउने धम्की, दवाब वा स्वतन्त्रताबाट बञ्चित गर्ने कार्यलाई नै महिला विरुद्ध हुने हिंसा मानिन्छ । महिलाहरूलाई पुरुष सरह मानसम्मान, इज्जत कम दिइन्छ । महिलालाई दोस्रो दर्जाको रूपमा समाजमा हेपिएको हुन्छ । जहाँ महिला पुरुष र त्यही शोषित महिलाबाट हिंसामा परिरहेको हुन्छ । यस अन्तर्गत महिला विरुद्ध हुने धम्की, महिला बेचबिखन, कुटपिट, दुरव्यवहार बञ्चितीकरण, दमन, शोषण, यौनच्छेदन, बलात्कार, देहव्यवहार आदीलाई समेटिएको छ । (मानव अधिकार, १९६६) घरेलु हिंसा भन्नाले आफ्नै घरभित्र आफ्नै परिवारबाट विभिन्न शारीरिक, मानसिक, भावनात्मक यातना दिई कुटपिट गर्नु, अङ्गभङ्ग गर्नु, यौनशोषण गर्नु, देहव्यापारमा लगाउनु, जबरजस्तीकरण गर्नु, बिरामी पर्दा औषधी उपचार नगर्नु, श्रम शोषण गर्नु, गाली बेइज्जत गर्नु, समान व्यवहार नगर्ने, समान अवसरबाट बञ्चित गर्नु, हरेक कुरामा प्रतिबन्ध लगाउनु, स्वतन्त्रबाट बञ्जित गर्नु, शिक्षाबाट बञ्चित गर्नु, खानबाट बञ्चित आरोप प्रत्यारोप लगाउनु, भेदभाव गर्नु, हरेक ठाउँमा आवातजावतमा रोक लगाउनु, परिवारबाट बहिष्कार गर्नु अनेक प्रकारको हिसांहरू घरेलु हिंसाभित्र पर्दछ । जुन आफ्नै परिवारका सदस्यले गर्ने गर्दछ ।

## ५.१ हिंसाको प्रकार

समाज र परिवारमा हुने विभिन्न हिंसाले गर्दा महिला धेरैनै पछि परेका छन् । त्यस्तै नेपाली महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारको हिंसाबाट पिडित भएको पाइन्छ । प्रायः शारीरिक तथा मानसिक रूपले पिडित हुने महिलाहरू मध्ये कतिपय महिलाले हिंसा सहेर पिडित हुने महिलाहरू घरमै बसिरहेका छन् भने कतिले हिंसा सहेर पढ्न पाइरहेका छैन । हिंसाहरू आफ्नै घरभित्र भइरहेका हुन्छन् । महिलामा हुने हिंसाका प्रकारहरू धेरै छन् । हिंसाका प्रकारमा शारीरिक, मानसिक, आर्थिक, यौनिक, परम्परागत जस्ता हिंसाहरू महिलाले अनुभव गरेका हुन्छन् । यस्तो प्रकारको हिंसाबाट महिलाहरूलाई आफ्नो

जीवनयापन गर्न गाह्रो भएको छ । उत्तरदाता महिला समूहको धारणा र अनुभवलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.१ : पारिवारिक स्थितिको आधारमा उत्तरदाताको अवस्था**

| हिंसाको प्रकार | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| गाली गलौज | ६९ | ३३.६५ |
| कुटपिट | २३ | ११.२१ |
| अभियोग लागेको (बोक्सी र चोरी) | २ | ०.९७ |
| यौन शोषण | ३ | १.४८ |
| अपहेलना | १ | ०.४८ |
| नियन्त्रण | ३ | १.४८ |
| मानसिक तनाब | ७० | ३४.१४ |
| भावनात्मक शोषण | २४ | ११.७० |
| पारिवारिक निर्णयमा सहभागी नगराउने | ५ | २.४३ |
| धम्काउनु/तर्साउनु | ३ | १.४८ |
| आर्थिक दुरूपयोग | २ | ०.९७ |
| करकाप गर्नु | ० | ० |
| जम्मा | २०५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार गाली गलौज गर्ने ३३.६५ प्रतिशत ६९ जना अर्थात ३३.६५ प्रतिशत, मानसिक तनावमा परेको ७० जना अर्थात ३४.१४ प्रतिशत, कुटपिट २३ जना अर्थात ११.२१ प्रतिशत, अभियोग लागेको (बोक्सी र चोरीको) २ जना अर्थात ०.९७ प्रतिशत, यौन शोषणमा परेको ३ जना अर्थात १.४८ प्रतिशत, अपहेलनामा परेको १ जना अर्थात ०.४८ प्रतिशत, नियन्त्रणमा परेको ३ जना अर्थात १.४८ प्रतिशत, भावनात्मक शोषणमा परेको २४ जना अर्थात ११.७० प्रतिशत, पारिवारिक निर्णयमा सहभागिता नगराउने ५ जना अर्थात २.४३ प्रतिशत, धम्काउनु/तर्साउनुमा परेको ३ जना अर्थात १.४८ प्रतिशत र आर्थिक दुरुपयोगमा परेको २ जना अर्थात ०.९७ प्रतिशत रहेको देखिन्छ ।

## ५.२ उत्तरदाताहरूमा हिंसा सम्बन्धी ज्ञान

प्राय महिलाहरू सामाजिक, धार्मिक, शैक्षिक, आर्थिक रूपमा लैङ्गिक विभेद तथा हिंसामा परेका हुन्छन् । महिलाहरूलाई हिंसामा परेको कसैलाई थाहा हुँदैन र कसैकसैलाई थाहा भए पनि उनीहरू डर र त्रासको कारण आफ्नो हिंसाहरू आफै भित्र लुकाएर राखेको हुन्छ । कतिले आफ्नो परिवारको इज्जतको लागि हिंसालाई सहेर बसिरहेको हुन्छन् । महिलाहरू पुरुषप्रधान समाजको मूल्य र मान्यतामा अल्झिएर बनेको हुन्छन् । उनीहरू भित्र भएका हिंसाहरू कोही सामु प्रस्तुत गर्ने उनीहरू आफ्नो परिवारको लागि ती सबै पिडाहरू सहेर आफूभित्र भएको कुराहरू कसैलाई व्यक्त गर्न सकिरहेको हुँदैनन् भने महिलाहरू आफू माथि भएको हिंसा आफ्नो मिल्ने आफन्तजन र साथीभाईसँग व्यक्त गरेका हुन्छन् । त्यस्तै राष्ट्र बैंक मार्गका महिलाहरूमा पनि कुनै न कुनै घरेलु हिंसा भएको देखिन्छ । तर हिंसा भएको उनीहरूलाई जानकारी नभएको हुन सक्छ । कसैलाई हिंसा भए पनि बताउन चाहेनन् । प्राय त्यहाँका महिलाहरू पुरुषको कोही न कोहीलाई हिंसामा परेका देखिन्छ । कोही महिलाहरू आफ्नो घरक परिवारबाट हिंसामा परे पनि डरको कारण उक्त हिंसा व्यक्त गर्न अक्मकाई रहेका छन् । यसलाई तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका ५.२ : उत्तरदाताहरूमा हिंसा सम्बन्धी ज्ञानको अवस्था**

| हिंसाको अवस्था (थाहा नभएको) | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| ज्ञान छ | ३७ | ५१.३९ |
| ज्ञान अलिअलि भएको | ३१ | ४३.०५ |
| ज्ञान छैन | ४ | ५.५६ |
| जम्मा | ७२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार कुल ७२ जना उत्तरदाता महिलाहरूमा घरेलु हिंसाबारे के थाहा छ वा छैन भनि प्रश्न गर्दा जसमा थाहा छ वा छैन भनि प्रश्न गर्दा जसमा थाहा छ भन्ने उत्तरदाता ३७ जना अर्थात ७१.३९ प्रतिशत, अलिअलि थाहा भएको ३१ जना अर्थात ४३.०५ प्रतिशत र थाहा नभएको उत्तरदाता ४ जना अर्थात ५.५६ रहेको देखिन्छ । यसबाट उत्तः महिलाहरूलाई घरेलु हिंसाबारे राम्रो ज्ञान रहेछ भन्ने देखिन्छ । उक्त तालिकाबाट थाहा

हुन्छ कि महिलाहरू घरेलु हिंसाको धेरै सिकारमा परिसकेको छ । कोहीले आफु हिंसामा परेको बताए भने कोहीले हिंसामा परे पनि भन्न नखोजीरहेको देखिन्छ ।

## ५.३ पारिवारिक सम्बन्धका आधारमा हिंसा

परिवार एउटा सामाजिक संस्था हो जुन महिला र पुरुषको वैवाहिक सम्बन्धबाट निर्माण हुन्छ । महिलालाई पितृसत्तात्मक समाज देखि नै दोस्रो स्थानमा हेरिएको थियो । त्यसैले महिला दोस्रो दर्जामा हुनुपर्दछ भन्ने धारणा हरेक पुरुषहरूको दिमागमा जरा गाडेर रहेको छ । त्यसैले पुरुषहरू महिलालाई दमन र शोषण गर्न पछि पर्दैनन् । पुरुषको खेलौनाको एउटा साधनको रूपमा महिलालाई हेरिन्छ भने अझ कति महिलाहरू पुरुषबाट पनि र त्यही पिडित महिलाबाटै पनि हिंसामा परिरहेका हुन्छन् । परम्परागत समाजमा महिलाहरू पढे लेखेका हुदैनन् । उनीहरूलाई के गलत के सही हो राम्रोसँग थाहा हुदैन । त्यसैले घरको काममा मात्र सिमित गरिएको हुन्छ । तर आज आएको आधुनिक समाजमा महिलाहरू पढे लेखेका हुन्छन् उनीहरू पहिलाको भन्दा केही माथिको स्तरमा भए पनि उनीहरूको परविारमा केही न केही रूपबाट महिला हिंसा भएकै हुन्छ । घरेलु हिंसा पतिद्वारा पत्नीलाई मात्र नभई परिवरका अन्य सदस्यहरूबाट पनि हुने गर्दछ । यसरी परिवारका सदस्यको सम्बन्ध र व्यवहारका आधारमा घरेलु हिंसा हुने हुनाले यसलाई तलको तालिकाबाट व्याख्या गरिएको छ ।


**तालिका ५.३ : उत्तरदाताहरूमा पारिवारिक सम्बन्धका आधारमा हिंसाको अवस्था**

| हिंसा गर्ने व्यक्ति | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान | २९ | ५७ |
| परिवारका अन्य सदस्यहरू | २२ | ४३ |
| जम्मा | ५१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

उक्त तालिकालाई वृत्तचित्रमा देखाउँदा

चित्र ५.१: उत्तरदाताहरूमा पारीवारिक सम्बन्धका आधारमा हिंसाको अवस्था




उपरोक्त वृत्तचित्र अनुसार हिंसा पिडित भएका महिलाहरू ५१ जना देखिन्छ । यि उत्तरदाता मध्ये श्रीमानबाट हिंसामा पर्ने २९ जना अर्थात ५७ प्रतिशत त्यस्तै परिवारका अन्य सदस्यबाट २२ जना अर्थात ४३ प्रतिशत रहेको देखिन्छ । यसरी हिंसा पिडितको अवस्थालाई हेर्ने हो भने सबैभन्दा बढी श्रीमानबाट भएको देखिन्छ । यो पुरुष प्रधान समाज भएको कारण महिलालाई पुरुष सरह पनि सम्मान दिइदैन । महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेरिन्छ । त्यसैले पुरुषहरू महिलालाई आफ्नो अधिनमा राख्ने गर्दछन् । उनीहरूलाई पुरुषको एक खेलौनाको रूपमा मात्र हेरिन्छ ।

## ५.४ महिला हिंसाका मुख्य कारणहरू

यस पोखरा राष्ट्र बैंक मार्गमा रहेको विवाहित महिलाहरूमा धेरै खालका हिंसाहरू रहेको पाइयो । जसले गर्दा महिलाहरूलाई माथिल्लो स्तरमा उठ्न सकिरहेको छैन । महिलाहरूलाई हिंसा गर्ने व्यक्ति पुरुष नै रहेको हुन्छ । पुरुषले महिलाहरूलाई दिन प्रतिदिन हिंसाको दलदलमा पारिरहेको हुन्छ । महिलालाई दिने हिंसाहरू धेरै रहेको छ । जसमध्ये मुख्य कारणहरू यस प्रकार छन् :

- **अशिक्षा**

भनिन्छ जुन घरमा शिक्षित व्यक्ति, परिवार हुन्छ त्यस घरमा महिला र पुरुषलाई समान रूपबाट हेरिन्छ । जहाँ श्रीमान श्रीमतिमा एक जना अशिक्षित भएमा घरमा बेमेल

हुने उनीहरूको विचारमा पनि फरक सोच रहन्छ । एक अर्कोले नसहने र विभिन्न खालका हिंसात्मक कार्य हुने गरेको पाइयो । शिक्षाबाट मुख्य महिलाहरूलाई जागरण गराउनुपर्ने ठाउँमा छोरीलाई विवाह गरिदिने हो किन पढ्नुपर्छ भन्ने विचार आम समाजमा सुन्न सकिन्छ ।

➢ **गरिबी**

गरिबीको कारणबाट पनि महिलाहरू हिंसामा परिरहेका हुन्छन् । गरिबको कारण घर परिवारमा लाउने खाने कुरामा दिनदिनै झगडा हुने, बेमेल हुने, महिलाको घर गरिब र माइती पक्ष धनी हुँदा पनि श्रीमान श्रीमतीबिच झगडाको साथसाथै हिंसात्मक कार्य हुने गरेको पाइन्छ ।

➢ **दाइजो**

महिलाहरू विवाह भएपछि दाइजो दिने चलन हाम्रो समाजमा रहेको छ । हुनेखाने परिवारबाट त दाइजो सजिलै दिइन्छ तर जुन परिवार गरिब र आफ्नो हैसियत हेरि दाइजो दिन सकिरहेको हुदैन यस्तो अवस्थामा महिलाहरूले विभिन्न किसिमको हिंसात्मक व्यवहारहरू खप्नपर्ने हुन्छ । जुन परिवारको सदस्यबाट गर्ने गर्दछ । दाइजो नल्याएको भन्दै कति महिलाहरू शारिरीक यातना, मानसिक यातनासँगै उनीहरूको हत्या समेत गरिदिएको हामी सुन्न सक्छौं । तथ्याङ्क संकलनको क्रममा पनि दाइजोको कारण महिलाहरू हिंसामा परेको देखिन्छ ।

➢ **निसन्तान**

बुहारीले बिहे भएको धेरै वर्ष पछाडी यदि कुनै सन्तान जन्माएन भने घर परिवारद्वारा बाँझो महिला भनेर गाली गलौज गर्ने र दोस्रो विवाह गर्न छोरालाई दवाव दिने खालका हिंसात्मक कार्य भएको पाइन्छ । समाजमा समेत निसन्तान भएको महिलालाई अरुले हेर्ने दृष्टिकोण फरक हुन्छ ।

➢ **छोरा वा छोरीको चाहना**

महिलाले छोरा वा छोरी नजन्माएको कारणले पनि महिलामाथि शारीरिक तथा मानसिक हिंसा हुने देखियो । जसले महिलालाई हिंसामा पारिरहेको देखिन्छ ।

- **श्रीमानको अनैतिक सम्बन्ध**

पुरुष प्रधान देश भएको पुरुषहरूले महिलालाई दमन, शोषण गर्ने, महिलालाई विवाह भइसकेपछि घरमा काम गर्ने सरह आफु चाँहि परस्त्रीसँग लाग्ने जस्ता हिंसात्मक कार्य पनि यस अध्ययनमा देखियो ।

- **श्रीमान् तथा परिवारका अन्य सदस्यले माधक र लागु पदार्थ सेवन**

रक्सीको कारणले महिलालाई श्रीमान् वा परिवारको अन्य सदस्यले कुटपिट गर्ने, जवरजस्तीकरण गर्न खोज्दा शारीरिक यातना धेरै भोग्न परेको देखियो । जसको कारणले बच्चाहरूलाई असर पार्ने, पारिवारिक झमेला बढ्ने, श्रीमान् श्रीमतिबीचको सम्बन्ध नराम्रो हुने, दैनिकी रुपमा कुटपिट हुने जस्ता शारीरिक यातना महिलाहरूले खप्न परेको छ ।

घर परिवारमा श्रीमानद्वारा महिलारु धेरैजसो हिंसामा परेको पाइन्छ । यस अध्ययनमा ५१ जना महिला हिंसामा परेको पाइयो तर कुन समयमा तथा अवस्थामा उनीहरूले हिंसा अनुभव गरेका छन् त्यसको खोजीलाई अगाडी बढाउन तलको तालिकाबाट स्पष्ट देखाउन खोजीएको छ ।

**तालिका ५.४ : महिलाहरूको हिंसाको कारणहरूको अवस्था**

| हिंसाको अवस्था/कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| दाइजोको कारण | ४ | ७.८४ |
| सन्तान नजन्मिएको कारण | १ | १.९६ |
| छोराको चाहनाको कारण | ११ | २१.५७ |
| घर बाहिर जागिर गरेर | - | - |
| श्रीमानको अनैतिक सम्बन्धले | २ | ३.९२ |
| जातिको कारण | २ | ३.९२ |
| बेरोजगारी | १ | १.९६ |
| श्रीमान तथा परिवारका अन्य सदस्यले माधक/लागु पदार्थ | १६ | ३१.३७ |
| आर्थिक मन्दि/गरिब | २ | ३.९२ |
| मानसिक समस्या | - | - |
| अशिक्षा | १२ | २३.५४ |
| स्वयमले ति क्रियाकलाप प्रति उजुरी नगरेर | - | - |
| अन्य कारणहरू | - | - |
| जम्मा | ५१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार कुल उत्तरदाता ७२ जना मध्ये हिंसामा परेका ५१ जना महिलाहरू रहेका देखिन्छ । उपरोक्त तालिका अनुसार श्रीमान तथा परिवारका अन्य सदस्यले माधक/लागुपदार्थ सेवनको कारण १६ जना अर्थात ३१.३७ प्रतिशत त्यस्तै अशिक्षाको कारणबाट १२ जना अर्थात २३.५४ प्रतिशत छोराको चाहनाको कारण ११ जना अर्थात २१.५७ प्रतिशत, दाइजोको कारण ४ जना अर्थात ७.८४ प्रतिशत, श्रीमानको अनैतिक सम्बन्धले २ जना अर्थात ३.९२ प्रतिशत, जातिको कारणले २ जना अर्थात ३.९२ प्रतिशत, आर्थिक मन्दि र गरिबीको कारणले २ जना अर्थात ३.९२ प्रतिशत, सन्तान नजन्मिएको

कारणले १ जना अर्थात १.९६ प्रतिशत हिंसामा परेको देखिन्छ । यसरी हेर्दा ७२ जना उत्तरदाता विवाहिहत महिलाहरू मध्ये ५१ जना कुनै न कुनै घरेलु हिंसामा परेको देखिन्छ । यसरी हेर्दा २१ जना आफुलाई हिंसा नभएको बताउछन् । यो तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने पुरुष प्रधान समाजमा पुरुषले माधक पदार्थ सेवन गरेर पिट्ने गरेको पनि यस तथ्याङ्कबाट देख्न सकिन्छ । त्यसैले विवाहित महिलाहरू माथि हुने घरेलु हिंसाहरू जुनसुकै बेला पनि हुन सक्छ । उनीहरू यसको सिकारमा परिरहेको हुन्छन् ।

# अध्याय छ

# घरेलु हिंसामा परेका महिलाको स्थिति र धारणा

## ६.१ उत्तरदाताहरूको घरेलु हिंसाको अवस्था र विश्लेषण

मानिसहरू सर्वश्रेष्ठ सामाजिक प्राणी हो । उनीहरू स्वतन्त्र जीवन बिताउन चाहन्छन् । अरु कसैको हस्तक्षेत्र चाहदैन तर पनि कहिलेकाँही महिलाहरूमाथि विभिन्न हिंसा जस्तोकी कुटपिट गर्ने, खान लगाउन रोक लगाउने, घरबाट निकाल्ने, गाली गलौज गर्ने, शिक्षाबाट वञ्चित गर्ने, दोस्रो विवाह गर्ने, रक्सी सेवन गरी शारीरिक तथा मानसिक यातना दिने आदि गरिन्छ । यस्ता हिंसाहरू मानव अधिकारको हनन हो । यो कानुनी रूपबाट एक अपराध पनि हो । तर यसलाई सरकारले गौण रूपबाट हेरिएको छैन जति पनि समाज परिवर्तन भए पनि धनी भएपन हरेक घर परिवार भित्र कोही न कोही महिलाहरू हिंसामा परिरहेका हुन्छन् । यसैका आधारमा पोखरा-७, राष्ट्र बैंक मार्गका विवाहित महिलाहरूले आफ्नो जीवनमा हिंसाको अनुभव भएको वा नभएको अवस्था भन्ने प्रश्नको उत्तरमा महिलाहरूको अवस्था यस प्रकार रहेको देखिन्छ ।

**तलिका ६.१ : उत्तरदाताहरूको घरेलु हिंसाको अवस्था**

| हिंसाको अवस्था | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| हिंसामा परेका | ५१ | ७०.८३ |
| हिंसामा नपरेका | २१ | २९.१७ |
| जम्मा | ७२ | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार कुल ७२ जना उत्तरदाता महिलाहरू मध्येबाट ५१ जना महिला विभिन्न प्रकारका हिंसामा परेको देखिन्छ । जुन ७०.८३ प्रतिशत वि.स. २०२८ मा नेपालको कुल जनसंख्याको ४९.३ प्रतिशत अर्थात ५७ लाख महिलाहरू थिए जसमध्ये ३९.६८ प्रतिशत १५ वर्ष मुनिका र ५.८८ प्रतिशत ५६ वर्ष भन्दा माथिका थिए । नेपाली महिलाहरू सानै उमेरमा विवाहित, बालबच्चा र पुरुषहरूको भन्दा कम जीवन अवधिका

हुन्छन् । निम्न स्तरको स्वास्थ्य सुविधा र चाँडो विवाह गर्ने प्रथाले गर्दा उनीहरूमा चाडै विधवा हुने सम्भावना बढी हुनुका साथै साक्षरता दर पनि अति कम छ । केही महिलाहरूले मात्र उच्च शिक्षा हासिल गर्न सकेका छन् । राजनैतिक तथा प्रशासकिय क्षेत्रमा महिलाहरूको सहभागिता नगन्य छ र सरकारी वा संगठन क्षेत्रको निति निर्धारण गर्ने स्तरमा अति थोरै महिलाहरू मात्र पुगेका छन् ।

राष्ट्रिय अर्थ व्यवस्थामा महिलाहरूको योगदानलाई सिमित रूपमा मात्र स्वीकार गरिएको छ र उनीहरू मध्ये बहुसंख्यकलाई श्रम शक्तिको तथ्याङ्कमा समावेश गरिएको छैन । आर्थिक दृष्टिले सक्रिय मानिएका मध्ये पनि गैर कृषि व्यवसायमा लागेका महिलाको संख्या नगन्य छ । यस्तो अल्पसंख्याको पनि अधिकांश संख्या थोरै आम्दानी हुने र निम्न स्तरका कामहरूमा केन्द्रित हुन्छन् । औद्योगिक वस्तु उत्पादन गर्ने कार्यहरूमा कुनै पनि दक्ष महिला कार्यरत छैनन् । व्यापारिक र सेवा सम्बन्धी क्षेत्रमा देखिएका व्यवस्थापकहरूको एउटा सानो प्रतिशत मात्र महिला छन् । घरायसी कामका अतिरिक्त कृषि क्रियाकलापमा झण्डै पुरुषहरू सरह नै समय लगाउँछन् तर त्यस्ता क्रियाकलापबाट उनीहरूले आर्जन गर्ने आम्दानीको लेखाजोखा हुँदैन ।

महिलाहरूको काम गर्ने परिपाटी बारे शारीरिक रचना शास्त्र सम्बन्धी अध्ययनहरूले देखाएका चित्रणहरू तथ्याङ्कले प्रस्तुत गरेका चित्रण भन्दा एकदमै विपरित छन् । निर्वाहक परिवारका महिलाहरू पुरुषहरू जत्तिकै सक्रिय पाइएका छन् । त्यसैले निर्वाहक परिवारमा सहभागी हुने सबैको आर्थिक गतिविधिहरू अझ सही रूपले प्रतिविम्वित गर्ने खालका नयाँ साङ्ख्यिकीय मापदण्डहरूको विकास गर्नुपर्ने आवश्यकता छ ।

आर्थिक तथ्याङ्कहरूका कमजोरीहरू विभिन्न अन्तराष्ट्रिय कार्यशाला र प्रकाशनहरूमा उल्लेख गरिएका छन् । अहिलेसम्म कार्य मूल्याङ्कन गर्ने कुनै निश्चित मापदण्डको विकास हुन सकेको छैन । यस बारेमा छलफलहरू विकासोन्मुख देशहरूमा कामको ढाँचा नाप्ने उद्देश्य भन्दा राष्ट्र राष्ट्रका बिच तुलना गर्ने विचार धारामा केन्द्रित हुन्छ । विकासोन्मुख देशहरूमा काम गर्ने ढाँचा र लिङ्ग अनुसारको श्रम विभाजन सम्बन्धी भरपर्दो तथ्याङ्कको अभावमा ग्रामीण विकास सम्बन्धी धेरैजसो कार्यक्रमहरू निस्फल भएका हुन्छन् ।

आर्थिक गतिविधिको परम्परागत परिभाषाहरू अपूर्ण हुनुको कारणमा पुनरुत्पादन विधिको ज्ञान र सोचाइमा भिन्नता भएकोले पुनउत्पादनका दुई स्पष्ट भागहरू छन् भौतिक

सम्पत्तिको पुनउत्पादन र श्रम शक्तिको पुनउत्पादन आर्थिक र अनार्थिक गतिविधिहरूको परिभाषा, भौतिक सम्पत्तिको पुनउत्पादन एउटा आर्थिक गतिविधि हो र श्रम शक्तिको पुनउत्पादन आर्थिक गतिविधि हैन भन्ने धारणामा आधारित छ । तर यो प्रमाणित गर्न कठिन छ । नैर्सिग विद्यालयको एउटी शिक्षिकालाई आर्थिक गतिविधिमा सारिक भएको मानिन्छ जबकी एउटी आमाले साही काम घरमा गर्दा निजलाई आर्थिक दृष्टिले निस्क्रिय भनि वर्गीकरण गरिन्छ । श्रम शक्तिलाई एउटा वस्तुको रूपमा हेरिने आधुनिक औद्योगिक समाजहरूमा श्रमिकहरूको पुनउत्पादनलाई आर्थिक गतिविधि अन्तर्गत गणना नगरिनु अचम्म छ । यसको एउटा कारण सायद भौतिक सम्पत्तिको पुनउत्पादन सामुहिक ठाउँ अर्थात कारखानामा गरिने र श्रम शक्तिको पुनउत्पादन घरायसी इकाई भित्र गरिने भएकोले होला ।

एउटा प्राध्यापकले आफ्नो निजी सचिवलाई विवाह गरेमा राष्ट्रिय आय घट्छ भन्ने उखान प्रसिद्ध छ । राष्टिय आय र श्रम शक्ति सम्बन्धी तथ्याङ्कहरूका यस्ता समस्याहरू कसरी समाधान गर्ने भन्ने बारे अर्थ शास्त्रीयहरू धेरै समय देखि चिन्तित छन् । (राल्फ थोम्लिनसन, १९७६) ले जनशक्ति र श्रमशक्तिका धारणाहरू अस्पष्ट छन् र परिभाषा दिन कठिन छ किनभने तिनीहरू एउटा व्यक्तिले प्रयासमा आधारित तलब वा मुनाफा पाउछ वा पाउदैन भन्न सिद्धान्तमा आधारित हुन्छन् भनि लेखेका छन् ।

उपरोक्त उखानले बिक्रीका लागि गरिने उत्पादन र सीमा संलग्न हुने श्रमशक्ति माग आर्थिक गतिविधि हो र घरायसी खपतको लागि गरिने उत्पादन र तत्सम्बन्धमा संलग्न हुने श्रमशक्ति आर्थिक गतिविधि हैन भन्ने धारणामा आधारित हालका आर्थिक गतिविधिको परिभाषाहरूको खराबीलाई रेखांकित गर्दछ । उदाहरणका लागि नेपाली अर्थव्यवस्थाको करिब ४० प्रतिशत मौद्रिकरण भएको छैन र बजार व्यवस्थाबाट बाहिर पर्दछ । यदी बजार मुल गतिविधिहरूलाई मात्र आर्थिक गतिविधिको परिभाषमा राख्ने हो भने, नेपालको जस्तो निर्वाहक अर्थव्यवस्थामा जनसंख्याको ठुलो भाग दुवै पुरुष र महिला बेग्लै देखिन्छन् जबकी वास्तवमा उनीहरूले पारिवारिक जिवन निर्वाहका लागि धेरै कठोरताका लागि धेरै कठोरताका यस्ता धेरै पक्षहरू छन् ।

महिलाहरू यस्ता धेरै पक्षहरू छन् जसको विषयमा तथ्याङ्कहरू प्राप्त छैनन् । आर्थिक पक्षमा महिलाहरूको रोजगारीको अवस्थाबारे असंगठित क्षेत्रहरूको तथ्याङ्कहरू मात्र नभएका होइनन्, संगठित क्षेत्रमा पनि छैनन् । राजनैतिक पक्षका तथ्याङ्कहरूको अवस्था झन् खराब

छ । विवाहका विकल्पहरू र सामाजिक जिवन परिपाटीहरूको बारेमा सूचनाहरू अपर्याप्त छन् र प्राय : अविश्वासनिय छन् । तसर्थ महिलाहरूको जिवनका सबै पक्षहरूको विस्तृत अध्ययनको आवश्यकता छ । महिलाहरूको बहुरूपी भुमिकाको वास्तविक अध्ययन र नितिहरूमा आवश्यक संशोधनहरू नगरेसम्म विकासको गति तिव्र हुन सक्दैन ।

## ६.२ पिडित महिलाको पिडाको अभिव्यक्ति

महिलाहरूले सामान्यतया हिंसाको अवस्थालाई व्यक्त गर्न नचाहेको देखिन्छ । महिलाहरू सबैमा कुनै न कुनै हिंसा परिरहेको हुन्छ । चाहे त्यो ठूलो हिंसा होस् वा चाहे त्यो सानो नै किन नहोस् समाजमा तथा घर परिवारमा हिंसाको अनुभव महिलाले गरे पनि उनीहरूले आफ्नो बेथा, पिडा बाहिर व्यक्त गरेका हदैनन् । अझ महिलाले आफ्नो पिडाहरू अरु समक्ष व्यक्त नगर्दा अझ हिंसाले विकराल रूप लिन पुग्दछ भने हिंसा गर्ने व्यक्ति अझ बलियो र अझ बढी हिंसा गर्ने व्यक्ति अझ बलियो र अझ बढी हिंसा गर्दै जान्छ । हिंसाबाट महिलाको शारीरिक र मानसिक रूपबाट पिडा भइरहेको हुन्छ । उक्त ठाउँको महिलाहरूलाई हिंसा परेमा कसलाई भन्नुहुन्छ भन्ने कुराको धारणा बुझ्न खोजिएको थियो । जुन तलको तालिकाबाट देखाउन वा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ६.२ : पिडित महिलाले आफ्नो पिडा व्यक्त गर्ने निकायका विवरण**

| पिडा व्यक्त गर्ने निकाय | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो परिवारको मिल्ने सदस्यलाई | ११ | १५.२८ |
| माइती पक्षलाई | १७ | २३.६१ |
| महिला साथीलाई | २७ | ३७.५ |
| महिला अधिकार कर्मीसँग | ३ | ४.१७ |
| महिला पुलिस चौकी | ३ | ४.१७ |
| गरेको छैन | ११ | १५.२७ |
| जम्मा | ७२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

उपरोक्त तालिका अनुसार कुल ७२ जना उत्तरदाता मध्ये आफुलाई भएको हिंसा आफ्नो परिवारको मिल्ने सदस्यलाई ११ जना अर्थात १५.२८ प्रतिशत, आफन्तलाई १७ जना अर्थात २३.६१ प्रतिशत, साथीलाई २७ जना अर्थात ३७.५ प्रतिशत, महिला अधिकार कर्मिलाई ३ जना अर्थात ४.१७ प्रतिशत, पुलिस चौकीमा ३ जना अर्थात ४.१७ प्रतिशत र कसैलाई पनि नभनी गोप्य राख्ने ११ जना अर्थात १५.२७ प्रतिशत रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने धेरै महिलाहरू घरेलु हिंसामा परे पनि कम मात्रामा पुलिस र महिला प्रहरी कर्मीलाई आफ्नो धारणा व्यक्त गरेका देखिन्छन् । सबैभन्दा बढी आफ्नो साथीलाई आफुलाई भएको हिंसा व्यक्त गरेको देखिन्छ ।

## ६.३ पिडित महिलाले उजुरी नगर्नुको कारण

यस क्षेत्रका घरपरिवारमा महिला समुहका उत्तरदाताहरूले आफु हिंसामा परेमा उजुरी नगर्नुको कारण के रहेछ भन्ने आधारमा स्थलगत सर्वेक्षण गरियो । जसमा आफ्नो मान मर्यादा र परिवारको डरको कारण पनि उनीहरूले उजुरी नगर्ने विचार व्यक्त गरे । महिला हिंसा पिडित भए पनि कसैलाई उजुरी नगर्नुको कारण धेरै हुन्छन् । त्यसलाई तल तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ६.३ :पिडित महिलाले उजुरी नगर्नुको कारणको विवरण**

| कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| डर लागेर | १९ | २६.३९ |
| अरुबाट आश्वासन मात्र पाउने भएर | ७ | ९.७२ |
| आफ्नै गल्ति मानेर (भाग्यको दोष) | ८ | ११.११ |
| घरको झगडा घरमै मिलाउने | ३६ | ५० |
| अन्य | २ | २.७८ |
| जम्मा | ७२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६*

# अध्याय सात

# हिंसा पिडित महिलाको वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन भन्नाले कुनै व्यक्तिको घटना, माग योजना समुदाय, प्रक्रिया, नीति, सन्धि आदीलाई एकाई मानेर समग्र पक्षको अध्ययनलाई वैयक्तिक अध्ययन भनिन्छ । यो एक जटिल र गहन अध्ययन हो । मानव शास्त्री तथा समाजशास्त्रीय अध्ययनमा वैयक्तिक अध्ययन एउटा विश्वसनिय र पर्याप्त सूचना प्राप्त गर्न सकिने तथ्याङ्क संकलनको तरिका मानिन्छ । यसबाट सम्पूर्ण घटनाको सुक्ष्म देखि लिएर बृहत सम्मको पक्षको अध्ययन गर्न मद्दत पुऱ्याउँछ । वैयक्तिक अध्ययनलाई एउटा अनुसन्धानको विश्लेषणात्मक तरिका वा प्रणाली पनि मानिन्छ । जसमा परिवार, व्यक्ति, संस्था, साँस्कृतिक समुह लगायत समग्र समुदायलाई पनि व्यक्तिगत एकाई मानेर अध्ययनलाई एउटा अनुसन्धानात्मक विश्लेषणात्मक तरिका मानिएको छ । यस अध्ययनमा पोखरा-७, राष्ट्र बैंक चोकका विवाहित महिलाहरूका अध्ययनमा महिलाहरूको घरेलु हिंसासँग सम्बन्धित घटनालाई व्यक्तिगत रूपमा अध्ययन गरी तल प्रस्तुत गरिएको छ ।

**वैयक्तिक अध्ययन १**

मेरो नाम सोम माया कार्की (नाम परिवर्तन) हो । मेरो उमेर ६० वर्षको भयो । मेरो १४ वर्षको उमेरमा विवाह भयो । मेरो उमेर ४८ वर्ष पुग्दा मेरो श्रीमान बित्नुभयो । त्यसपछि मलाई घर परिवार र समाजले हेलाको दृष्टिकोणले हेर्न थाले । सबैले गाली गर्ने मेरो चार वटा छोराको बुहारीहरूले पहिले हेर्ने दृष्टिकोण भन्दा फरक दृष्टिकोणबाट हेरिन थाले । सबैले पोई खाइस् भन्ने जस्ता नकारात्मक कुराहरू सुनाउन थाले । एक त मेरो पढाई र लेखाई गर्ने केही पनि आउँदैन । बिस्तारै बिस्तारै म परिवारबाट एक्लो बन्न थाले । न खान बोलाउँथे न बिरामी हुँदा मेरा स्याहारसुसार नि गर्दैन थियो । घरको काम गरेन भने बुहारीहरू एउटा एउटा कुरा सुनाउथ्यो । न पेट भरी खान पाउथे त्यसमा पनि म खुसी नै थिए । घरमा अझ बासी भएको खाना र तरकारी मेरो भागमा राखिदिने गर्दथे बुहारीहरूले र छोराहरू पनि मेरो भन्दा आफ्नो श्रीमतिको कुरा सुन्ने गर्दथ्यो र म सँग धेरै बोल्दैनथ्यो । बिस्तारै बिस्तारै मलाई घरमा बस्न मन लागेन र मलाई मानसिक तनाब बढ्न थाल्यो । मलाई बाहिरी मान्छे भन्दा पनि गईगुज्रिएको सोच्न थाले यो देखेर मलाई त्यो घरमा बस्न

सकेन र म कसैलाई नभनिकन घरबाट ठिक ८:४० मिनेट भएको सबै खाना खादै थियो म घरबाट निस्कीए र डेमसाइडको बाँधमा गएर हाम फाल्ने सोचेर गए एकछिन फेरी पहिलाको श्रीमानसँगको दिनहरू सम्झे र छोराहरूलाई पनि सम्झे आखिर म आमा हो उनीहरू त त्यस्तो छैन बुहारीको कारणबाट होला भनेर सोचेपछि छोराहरूले टेन्सन लेला भनेर फेरी घर फर्के नभन्दै उनीहरू सब मलाई खोज्दै हिडेको रहेछ यो देखेर मलाई खुसी लाग्यो । म जुन घरेलु हिंसामा परिरहेको थिए त्यो कुरा सब सुनाए छोरा बुहारीलाई अनि अबबाट यस्तो गर्नेछैन भनेर बुहारीहरू मसँग माफि मागे । अहिले मलाई सबले माया गर्दछ ।

**वैयक्तिक अध्ययन २**

मेरो नाम पार्वती (नाम पविर्तन) हो । म ४० वर्षकी भए । मैले सरकारी स्कुलबाट ८ कक्षा मात्र पढेकी छु । बाबा आमाले अर्काको घरमा जाने जात छोरीलाई पढाएर के हुन्छ र भनि मलाई माइतमा पढाएनन् । म कक्षा ८ मा पढ्दापढ्दै मेरो अन्तरजातिय प्रेम विवाह भयो । घरमा सासु, नन्द र बुढा हुनुहुन्छ । मैले एउटा रिसोटमा जागिर गर्थे र घरको सबै खर्च मेरो कमाइबाट हुन्थ्यो । विवाहको १ वर्ष पछि मैले छोरी पाए छोरी पाएपछि मैले जागिर नि छोड्दिए त्यसपछि मलाई घरमा राम्रो खान लाउन पाएन न बुढाले केही काम नै गर्नुहुन्थ्यो । बाहिर जाने भनेर कति पैसा पनि सकिसक्नु भयो । सासुले छोरी पायो भनेर हेला गर्न थाल्नुभयो । उता बुढा आफै टोलको अविवाहित आइमाइसँग लाग्नुभएको कुरा मैले छिमेकीको मुखबाट सुनेपछि मैले बुढालाई घर आउनु भएपछि सोधे झन् अरुको कुरा सुन्ने मलाई विश्वास नगर्ने भनेर सुत्केरीमै हातपात गर्नुभयो । सासुले पनि बिस्तारै बोल्नै छोड्नुभयो । न खाना राम्रो दिनुभयो त्यसपछि मेरो दिदिले यो सब देखिसकेपछि आइज बरु मै हेर्छु सुत्केरी बनेर मलाई र छोरीलाई माइती नै लानुभयो । बच्चा २ वर्ष हुँदासम्म मलाई माइतीलै नै हेरे बुढाले दिन रात फोन गरेर नराम्रो बोली बोल्नुभयो यता माइती पनि गरिब भएको कारण छोरीको राम्रोसँग पालनपोषण गर्न गाह्रो भयो । त्यसपछि मैले अंश मुद्दा पाँऊ भनेर अदालतमा निवेदन दिए साढे २ वर्ष पछि मैले मुद्दा जिते र मैले अंश पनि पाए र सम्बन्ध विच्छेद भयो अहिले छोरी ८ वर्षकी भयो मैले उसको हेरचाह गरिरहेकी छु अहिले म घरपरिवारको हिंसाबाट मुक्त भएको छु ।

**वैयक्तिक अध्ययन ३**

म अहिले ३७ वर्षकी भए । मैले कक्षा ६ सम्म मात्र पढेकी छु । मेरो नाम सुनिता (नाम परिवर्तन) हो । म मंगोलियन परिवारमा जन्मेकी हुँ तर मेरो अन्तरजातिय प्रेम विवाह भयो । त्यसपछि हामी विवाह पछि परिवारसँग भाडामा बस्थ्यौं । विवाह भएपछि १/२ वर्ष राम्रोसँग चल्यो पछिपछि घरमा मलाई एउटा काम गर्ने आइमाइको रुपमा हेरिन थाल्नुभयो । मलाई परिवारको कुराहरू पनि लुकाउने गर्न थाल्नुभयो । बुढा बिस्तारै घरमा नआउने म बाट टाढा हुँदै जानुभयो । त्यसबेला मलाई सासुले सम्भाएर राख्नुभयो । मैले छोरा जन्माए बुढा २/३ दिन लगातार घरमा आउनुभयो सासु पनि खुसी हुनुहुन्थ्यों । ४/५ महिनासम्म बुढा घरमा २/३ बिराएर आउन थाल्नुभयो मैले बुढालाई साधे अब यतै बस्नु भए हुँदैन भनेर बुढाले रिसाएर हुँदैन म अरुलाई माया गर्छु म केबल मेरो छोराको लागि मात्र आएको थिए अब हामी एक हुँदैन मलाई डिभोर्स देउ यो बच्चाको सबै लालनपालनको खर्च म दिन्छु भन्न थाल्नुभयो । अनि बुढाले हामी विवाह गर्दैछौं र हामी एउटै कोठामा बसिरहेको कुरा पनि भन्नुभयो त्यसपछि बुढा ३ महिनासम्म घर आउनुभएन ३ महिना पछि बुढा जहिले रक्सि खाएर आउने मलाई धम्काउने, पिट्ने मलाई डिभोर्स दे भनेर चिच्याउने कराउने गर्न थाल्नुभयो । मलाई साह्रै दु:ख लाग्छ सम्भाउदानि पछि बुढा ३/४ महिनामा १ दिन बस्नु आउनुहुन्थ्यो त्यही भए पनि म आफ्नो बच्चा र सासुको लागि सहेर बसे छोरा ६ वर्षको पुगिसकेपछि मेरो गर्भमा फेरी छोरी बसि छोरी पेटमा बसेको सात महिना भएको थियो । सासुले पनि मलाई छोडेर आफ्नो अर्को छोरासँग बस्न जानुभयो । यता मेरो ठूलो र अर्को आइमाई आएर डिभोर्स दे भनेर हातपात गर्न थाल्नुभयो । दुवैले म चिच्याउन कराउन थालेपछि जानुभयो । २ महिना पछि डिभोर्स दिए मैले आफ्नो बैनी ल्याएर बसे डिभोर्स दिएपछि महिनामा खर्च पठाइदिनुहुन्छ बुढाले पैसा पठाउनु भए पनि म मानसिक पिडा र घरेलु हिंसाबाट पिडित छु ।

**वैयक्तिक अध्ययन ४**

म अहिले ३२ वर्षकी भए । मेरो नाम सिता (नाम परिवर्तन) मैले ८ कक्षा पढेर छोडेकी हुँ । मेरो माइत कृप्ति हो । मेरो विवाह १८ वर्षको उमेरमा भएको हो । मलाई चाँडो विवाह गर्ने मन थिएन तर घरमा मेरो कुरा कसैले सुनेनन् । मेरो बुढा ज्यालादारी काम गर्नुहुन्छ । ५ वर्ष अगाडी दुवै जानुभएको थियो काममा पैसा भने जतिको काम पनि एकदमै गाह्रो भएको कारण बुढा नेपालमै फर्कनुभयो । मेरो २ छोरी र १ छोरा छन् । जेठी छोरी कक्षा ६, माइली छोरी कक्षा ४ मा अनि छोरा भने कक्षा १ मा अध्ययनरत छ । आफु

नपढे पनि छोराछोरीले भने शिक्षित बनाउछु । श्रीमानको भाइ बुहारी पोखरामा छुट्टिएर बसेका छन् सासु ससुरा यहि हामीले हेर्छौं । श्रीमानले रक्सी पिएर कमाएको आधा पैसा सबै जुवातास र रक्सीमा नै उडाउछ । सम्झाउन खोज्दा मात्तिएको तालमा उल्टै मलाई कुटपिट गर्छन् । खेतीपातीको काम गर्छौं । घरमा १० वटा बाखा, १ वटा भैंसी र २ वटा गोरु छन् । बुढाको सहयोग त्यत्तिकै हो सबैतिर आफैले हेर्नुपर्छ । बच्चाहरू साना भएकाले केहि सहयोग पाएको छैन ।

घरका वस्तु किनबेचका मामिलामा बोल्न खोज्यो भने पोथी बास्नु पर्दैन भन्छन् । सबै बच्चाहरूलाई मैले घरमा नै पाएको हुँ । कान्छो छोरा जन्मिएको २ वर्षपछि पाठेघरमा समस्या आएर अपरेसन पनि गरिसके । बुढा रक्सी खाएपछि जे मन लाग्यो त्यहि बोल्नुहुन्छ । रक्सि नखाउ भन्यो कि तरो घरको सम्पत्ति खाको भन्दै कराउछन्, दाइजोको कुरा निकाल्नुहुन्छ । बुढाले रक्सि नखाइदिए जिम्मेवारी आफ्नो सम्झि छोराछोरीलाई राम्रोसँग पढाउन पाए आनन्द हुने थियो ।

माथिको सम्पूर्ण वैयक्तिक अध्ययनबाट के शिक्षा प्राप्त गरियो भने, समाजमा सबै व्यक्ति सबै परिवार एउटै प्रकारको हुदैन र सबैको समस्या पनि एउटै हुदैन । सामाजिक, साँस्कृतिक परम्परागत संस्कार, मूल्यमान्यताले महिलाको जिवनलाई अति कष्टकर बनाएको र धेरै नै दुःख पाएको कुरा पनि व्यक्त गरेका थिए । कसैले दाइजोको कारण हिंसा गरिरहेका छन् । कसैले परिवारमा महिला शिक्षित भए पनि लागुपदार्थ/रक्सी सेवन गरेर शारीरिक यातना दिइरहेका बताउँछन् । समाज परिवर्तनका लागि जसले आवाज उठाइरहेका हुन्छन् उनीहरू माथि अझ बढी हिंसा भएको हुन्छ । जसको कारण हरेक क्षेत्रमा महिलाहरू अगाडी बढ्न सहिरहेको छैन । महिलाहरू दिनदिनै हिंसामा परिरहेको हामी देख्न सक्दछौं ।

त्यसैले समस्या बिना नै मानिसले काम गरे मात्र ऊ अगाडी बढ्न सक्दछ । आज यो २१ औं शताब्दीमा पनि नेपालमा महिलाहरूले दिनहुँ हिंसा खपिरहेका हुन्छन् । कुनै एउटा घरमा महिला माथि हिंसा भएको छ भने उक्त घरमा कसैसँग पनि राम्रो व्यवहार हुन सक्दैन र त्यो घरमा सधै पारिवारिक झमेला भएको हुन्छ । भनिन्छ घरमा एक महिला वा आमा शिक्षित छ भने सबै परिवार शिक्षित हुन्छ । तर एक पिता शिक्षित छ भने ऊ आफु मात्र शिक्षित हुन्छ । त्यसकारण महिलालाई शिक्षा प्रदान गर्नु अनिवार्य हुन्छ । नरम बोली, मिठासपन, शिक्षित परिवार, एक अर्कामा मानसम्मान, सानालाई माया ठुलालाई आदर गर्ने परिवार सधैंभरी खुसी र सुखी बन्न सक्छ । जुन घरमा महिलाको सम्मान गरिदैन त्यो घरमा कहिल्यै सुख हुदैन ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र सुझाव

## ८.१ सारांश

समाज विकासको क्रमसँगै अमानवीय एवम् अपमानजनक व्यवहारहरूको पनि विकास हुँदै जाँदा विविध किसिमको हिंसाजन्य कार्य पनि बढ्दै आएको पाइन्छ । महिला माथि हुने घरेलु हिंसा अन्तर्गत महिला माथि घर परिवारका सदस्यहरूबाट विभिन्न निहुँमा हुने हिंसा जस्तै; श्रीमतीलाई कुट्ने, दाइजोको निहुँ देखाएर महिलालाई घरबाट निकालिदिने, छोरी जन्माएको निहुँमा उसलाई घर परिवारको सदस्यहले खान, लगाउन नदिने, भ्रुण हत्या जस्ता व्यवहारहरू पर्दछन् ।

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । अझ यो बढी विवाहित महिलाहरू माथि बढी भएको हुन्छ । सैद्धान्तिक मान्यता अनुसार घरेलु हिंसाको अवस्था र कारणमा गरिबी, अशिक्षा, रक्सी सेवन गरेर, बेरोजगारी, आर्थिक समस्या, वैवाहिक कारण पितृसत्तात्मक सामाजिक मूल्यमान्यता, श्रीमानले आफ्नो परिवार र बाहिरी मान्छेको कुरा सुन्ने, विधवा महिलालाई हेप्ने, बोक्सीको आरोप जस्ता कारण रहेको पाइन्छ ।

यस अनुसन्धान कार्यको उद्देश्य अनुसार विवाहित महिलाहरूमा हुने घरेलु हिंसाको अवस्थाको अध्ययन गर्नु थियो । तथ्याङ्क विश्लेषण अनुसार धेरै महिलाले घरेलु हिंसा अनुभव गरेको पाइएको छ । घरेलु हिंसाको आयामहरूमा सामाजिक, आर्थिक, कानुनी पक्षहरू रहेको पाइन्छ । घरेलु हिंसाका कारणहरूमा दाइजोको कारण, सन्तान नजन्मिएकोमा, छोराको चाहना, घर बाहिर जागिर गरेर, श्रीमानको अनैतिक सम्बन्धले, जातिको कारण, बेरोजगारी, अशिक्षा, गरिबी रहेको पाइन्छ । यहाँका प्राय विवाहित महिलाहरू हिंसा पिडित छन् यो तथ्याङ्कबाट देखिन्छ ।

यि महिलाहरू उद्देश्यमुलक नमूना छनोट विधिबाट लिइएको छ । आवश्यक प्राथमिक र द्वितीय स्रोतहरूबाट सूचना, अवलोकन, वैयक्तिक अध्ययन गरी संकलन गरिएको छ ।

अध्ययन क्षेत्रमा कुल ७२ घर परिवारमा विवाहित महिलाहरूके उमेरलाई हेर्दा २०-३० वर्ष उमेरका ८.३३ प्रतिशत, ३०-४० वर्ष उमेरका २९.१६ प्रतिशत, ४०-५० वर्ष उमेरका ३६.११ प्रतिशत, ५०-६० वर्ष उमेरका २६.३८ प्रतिशत रहेको पाइन्छ । शिक्षाको आधारलाई हेर्दा २२.२२ प्रतिशत निरक्षर र ७७.७८ प्रतिशत साक्षर महिला देखिन्छ । पेशाको आधारलाई हेर्दा उत्तरदाता महिलामा गृहिणी ४३.०५ प्रतिशत, व्यापारमा २९.१६ प्रतिशत, सेवामा १२.५ प्रतिशत, स्वरोजगारमा ६.९४ प्रतिशत, मजदुरीमा ८.३३ प्रतिशत रहेको देखिन्छ । धार्मिक आधारलाई हेर्दा कुल ७२ जना उत्तरदाता महिलाहरूम ७२.२२ प्रतिशत हिन्दु धर्म, २२.२२ प्रतिशत बौद्ध, १.३९ प्रतिशत मुस्लिम र ४.१७ प्रतिशत इसाई धर्म मान्ने महिलाहरू देखिन्छन् । विवाह भएको उमेरको आधारलाई हेर्दा १५ वर्ष वा त्यो भन्दा कम उमेरमा विवाह गर्ने महिला ९.७२ प्रतिशत, १५-२० वर्ष भित्रका ४०.२८ प्रतिशत, २०-२५ वर्ष भित्रका ३७.५० प्रतिशत, २५-३० वर्ष भित्रका १२.५ प्रतिशत महिलाहरू देखिन्छन् ।

वैवाहिक स्थितिलाई हेर्दा ७४ प्रतिशत एकल परिवारमा बसेको र २६ प्रतिशत संयुक्त परिवारमा बसेको देखिन्छ तब विवाहित ४.१७ प्रतिशत, श्रीमान विदेश गएको ११.११ प्रतिशत, श्रीमान सँगै ६३.८९ प्रतिशत, सम्बन्ध विच्छेद १२.५० प्रतिशत, विधवा ८.३३ प्रतिशत देखिन्छ । तर हिंसा भएपनि २१ जना उत्तरदाता महिलाले हिंसामा छ भन्न नचाहेको देखिन्छ । महिला माथिको घरेलु हिंसाबारे ज्ञान छ भन्ने ५१.३९ प्रतिशत, अलिअलि ज्ञान भएको ४३.०५ प्रतिशत, ज्ञान नभएको ५.५६ प्रतिशत देखिन्छ । त्यस्तै ५१ प्रतिशत महिलाहरू हिंसामा परेको देखिन्छ । उत्तरदाता महिलाहरू आफु हिंसामा परेमा परिवारको मिल्ने सदस्यलाई भन्ने १५.२८ प्रतिशत, आफन्त (माइती) २३.६१ प्रतिशत, साथीलाई ३७.५ प्रतिशत, महिला अधिकार कर्मीसँग ४.१७ प्रतिशत, पुलिस चौकीमा ४.१७ प्रतिशत रहेको देखिन्छ । हिंसामा परेर पनि उजुरी नगर्नुको कारणमा डर लागेर २६.३९ प्रतिशत, अरुबाट आश्वासन मात्र पाउने भएर ९.७२ प्रतिशत, आफ्नो गल्ति मानेर/भाग्य दोष ११.११ प्रतिशत, घरको झगडा घरमै मिलाउने ५० प्रतिशत र अन्य २.७८ प्रतिशत रहेको छ । उत्तरदाताको अनुसार आर्थिक रूपले सम्पन्न वर्गमा १४ जना अर्थात् १९.४४ प्रतिशत, मध्यम वर्गको महिलाहरूमा २६ जना अर्थात् २६.११ प्रतिशत र मध्यम वर्गका महिलाहरूमा २२ जना अर्थात् ४४.४५ प्रतिशत हिंसा भएको हुन्छ भन्ने सोच रहेको छ । कानुनी ज्ञानको आधारमा ६६.६७ प्रतिशत महिलाहरूलाई थाहा भएको र ३३.३३ प्रतिशत महिलाहरूलाई थाहा नभएको देखिन्छ ।

विवाहित महिला माथि हुने घरेलु हिंसा लैङ्गिकतामा हुने आधारित हिंसा हो । मानवको लागि सबैभन्दा सुरक्षित स्थान भनेको घर हो तर पनि महिलाहरू घरभित्र नै दमन, शोषण, अत्याचारको शिकार भएका हुन्छन् । माया, हेरचाह, संरक्षण गर्ने दायित्व बोकेको परिवारका सदस्यबाट नै अर्को परिवारको सदस्यहरूबाट आएको महिलामाथि गालीगलौज गर्ने, शारीरिक र मानसिक यातना दिने जस्ता कार्य वा हिंसा गरेको हुन्छ । महिला माथि हुने घरेलु हिंसामा लैङ्गिकतामा आधारित पितृसत्तात्मक सामाजिक संरचना तथा पुरुष र महिला बिचको असमान शक्तिको सम्बन्धको कारण मौलाएको देखिन्छ । यसरी हेर्दा घरेलु हिंसा पीडीतको अत्यन्त निकट सम्बन्ध भएको व्यक्तिले घरभित्र महिला माथि गर्ने हिंसा हो जसमा महिलाहरूलाई गाली गर्ने, बेइजत गर्ने, कुटपिट, बल जवरजस्ती गैर वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार, दाइजोसँग सम्बन्धित हिंसा इत्यादि पर्दछन् । घरेलु हिंसा अन्तर्गत शारीरिक र मानसिक हिंसाहरू देखा परेको पाइन्छ । शारीरिक हिंसा अन्तर्गत कुटपिट, अङ्गभगं, शारीरिक चोट, घर निकाला आदि भएको पाइन्छ भने मानसिक हिंसा अन्तर्गत डर, धाक, त्रास, धम्की, कामको बढी बोझ, गालीगजौज, झुट्टा आरोप, मानसिक चोट, धार्मिक, साँस्कृतिक परम्परागत विभेद भएको पाइन्छ । विवाहित महिलाहरूलाई सम्पत्ति तथा आर्थिक स्रोत साधनमा बञ्चित गर्ने घर परिवारको कुनै पनि निर्णय प्रक्रियामा त्यत्ति सामेल नगराउने देखिन्छ । विवाहित महिलाहरू विवाह गरेर आएपछि घरको मात्र काम गर्ने बाहिर काम गर्न नदिएको पनि पाइन्छ ।

## मुख्य प्राप्तिहरू

यस अध्ययनबाट प्राप्त नतिजाहरू निम्नानुसार देखाइएको छ । सामाजिक, आर्थिक, शैक्षिक, उमेर, पेसागत, धर्म र वर्गका विश्लेषणका आधारमा प्राप्त भएको नतिजा यस प्रकार छन् :

- यस अध्ययनमा नमूना छनोटमा परेका ७२ जना महिला उत्तरदाता मध्ये घरेलु हिंसालाई हेर्दा ५१ जना (७०.८३ प्रतिशत) महिला उत्तरदाता विभिन्न प्रकारको घरेलु हिंसामा परेको पाइयो ।
- शैक्षिक अवस्थालाई हेर्दा २२.२२ प्रतिशत निरक्षर र ७७.७८ प्रतिशत साक्षर पाइयो ।

- यस अध्ययन क्षेत्रमा पेशाको आधारलाई हेर्दा प्राय विवाहित महिलाहरू ४३.०५ प्रतिशत गृहिणी भएको पाइयो । त्यसैगरी सेवामा १२.५ प्रतिशत, व्यापारमा २९.१६ प्रतिशत, स्वरोजगारमा ६.९४ प्रतिशत, मजदुरीमा ८.३३ प्रतिशत रहेको पाइयो ।
- धार्मिक संरचनाको आधारलाई हेर्दा अधिक हिन्दु धर्म मान्ने ७२.२२ प्रतिशत, बौद्ध २२.२२ प्रतिशत, मुस्लिम १.३९ प्रतिशत र इसाई ४.१७ प्रतिशत रहेको पाइयो ।
- परिवार संरचनाका आधारमा सयुक्त परिवारमा बस्ने २६ प्रतिशत र एकल परिवारमा बस्ने ७४ प्रतिशत रहेको पाइन्छ ।
- हिंसाबारे ज्ञान भएका महिला उत्तरदाता ५१.३९ प्रतिशत अलिअलि ज्ञान भएको ४३.०५ प्रतिशत कति पनि ज्ञान नभएको ५.५६ प्रतिशत रहेको पाइन्छ ।
- हिंसाको प्रकारको आधारमा गालैगलौज गर्ने ३३.६५ प्रतिशत, कुटपिट गर्ने ११.२१ प्रतिशत, अभियोग लागेको ०.१७ प्रतिशत, यौन शोषण १.४८ प्रतिशत, अपहेलनामा गर्ने ०.४८ प्रतिशत, नियन्त्रणमा १.४८ प्रतिशत, मानसिक तनावमा ३४.१४ प्रतिशत, भावनात्मक शोषणमा ११.७० प्रतिशत, पारीवारिक निर्णयमा सहभागी नगराउनेमा २.४३ प्रतिशत, तर्साउनुमा १.४८ प्रतिशत र आर्थिक दुरूपयोगमा ०.९७ प्रतिशत परेको देखिन्छ ।
- घरेलु हिंसाको कारणमा दाइजो ४ जना (७.८४ प्रतिशत), सन्तान नजन्मिएकोमा १ जना (१.९६ प्रतिशत), छोराको चाहनामा ११ जना (२१.५७ प्रतिशत), घर बाहिर जागि गरेर श्रीमानको अनैतिक सम्बन्धले २ जना (३.९२ प्रतिशत), जातिको कारण २ जना (३.९२ प्रतिशत), बेरोजगारी १ जना (१.९६ प्रतिशत) श्रीमान तथा परिवारको अन्य सदस्यले माधव/लागुपदार्थ सेवनको कारण १६ जना (३१.३७ प्रतिशत), आर्थिक मन्दि/गरिब २ जना (३.९२ प्रतिशत), अशिक्षा १२ जना (२३.५४ प्रतिशत) रहेको पाइयो ।
- हिंसा पिडित भएर चुपचाप बस्नुपरेको कारणको आधारमा महिलाको अवस्थालाई हेर्दा डर लागेर १९ जना (२६.३९ प्रतिशत), आफ्नो गल्ती मानेर/भाग्यदोष मानेर ८ जना (११.११ प्रतिशत), अरुबाट आश्वासन मात्र पाउने भएर ७ जना (९.७२ प्रतिशत), घरको झगडा घरमै मिलाउने ३६ जना (५० प्रतिशत), अन्य २ जना (२.७८ प्रतिशत) रहेको पाइयो ।

- हिंसामा परेका ५१ जना (७०.८३ प्रतिशत), हिंसामा नपरेका २१ जना (२९.१७ प्रतिशत) रहेको पाइयो ।
- हिंसामा परेमा साथीलाई भन्ने २७ जना (३७.५ प्रतिशत), आफन्तलाई (माइती) १७ जना (२३.६१ प्रतिशत), परिवारको मिल्ने सदस्यलाई ११ जना (१५.२८ प्रतिशत), महिला अधिकार कर्मिसँग ३ जना (४.१७ प्रतिशत), पुलिस चौकी ३ जना (४.१७ प्रतिशत) रहेको पाइयो ।
- गरिब वर्गका महिलामा बढी घरेलु हिंसा भएको हुन्छ र त्यसपछि मध्यम वर्गका महिलाहरू घरेलु हिंसा भएको हुन्छ भन्ने छ ।
- कानुनी ज्ञानको आधारमा थाहा भएको ४८ जना (६६.६७ प्रतिशत), थाहा नभएको २४ जना (३३.३३ प्रतिशत) महिला उत्तरदाताको धारणा रहेको पाइयो ।

## ८.२ निष्कर्ष

यस अध्ययनले महिलाहरूको घरेलु हिंसाको अवस्था र धारणाको बारेमा विश्लेषण गरेको छ । समाजमा र राष्ट्रमा विकासको हरेक क्षेत्रमा महिला र पुरुषलाई समान गतिमा लैजानुपर्ने स्थिति देखिएको छ । त्यसैले हाम्रो समाजमा रहेको पितृसत्तात्मक सोच तथा सामाजिक मूल्य मान्यतामा चल्ने समाजमा महिलाहरूलाई पनि विभेद नगरी सबैलाई समान रूपमा आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक रूपले सवल र सक्षम बनाउन सकेमा मात्र उनीहरूको स्तर माथि उठाउन सकिन्छ । महिलाहरूलाई घरेलु हिंसाबारे शिक्षा दिनुपर्ने आवश्यक देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचना नराम्रा पक्षहरूलाई बिस्तारै परिवर्तन गर्दै कानुनी पक्षका क्रियाकलापहरू लागु गर्नु जरुरी छ । सानो उमेरमा विवाह भएको र धेरै महिला हिंसामा परेको देखाउछ । महिलाहरू शिक्षाको कारणबाट पनि उनीहरूमा ज्ञानको कमि रहेको हुन्छ जसको कारण उनीहरू बढी हिंसामा परिरहेको हुन्छ । उचित शिक्षा सानैबाट पाएमा महिलाहरू सक्षम बन्न सक्दछन् र उनीहरूको भविष्य उज्वल बनाउन सहयोग पुग्दछ । त्यसैले शिक्षाले पनि महिलाहरूको जिवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । महिलाहरूले आफ्नो माग र आफु भित्रको लुकेर रहेको समस्याहरू व्यक्त गर्न सकिरहेका छैनन् । धेरैजसो परिवारमा महिलाको स्थान दोस्रो दर्जामा रहेको छ । त्यस्तै आर्थिक कारोबारमा पुरुषको तुलनामा महिलाहरू निर्णय लागु नभएको पाइएको छ । जुन जरा गाडेर बसेको पितृसत्तात्मक सामाजिक परम्परा तथा जिवनशैली समाजमा छ त्यसलाई

बिस्तारै परिवर्तन गर्दै लैजानुपर्दछ । यसले महिला हिंसा बढाएको छ । विवाहित महिलाहरू माथि घरेलु हिंइसा बढेको मुख्य कारण उनीहरू आफ्नो घर परिवारको इज्जत र आफ्नो भविष्यको लागि जति हिंसामा परे पनि सकेसम्म घरको झगडा धेरै मिलाउने कोशिस गर्दछन् र सहेर बस्छन् । जसको फाइदा पुरुषले उठाउदछन् र झन् हिंसा बढी गर्ने गर्दछन् । समाजमा हिन्दु संस्कारले महिलालाई जेलेको छ । जिवनमा शिक्षा लगायत अनेकौं मौका आउँदा महिलाले भाग लिन पाइरहेका छैनन् । समाजमा जति नै परिवर्तन भए पनि कोही न कोही रूपबाट भए पनि महिलाहरू हिंसामा परिरहेका हुन्छन् । यहाँका प्राय उत्तरदाताहरू गृहिणी रहेका छन् । उनीहरू घरको काममा मात्र सिमित रहेका हुन्छन् । त्यसकारण उनीहरू परनिर्भर हुन्छन् । हिंसाका कारणहरूमा दाइजोको माग, अशिक्षा, बेरोजगारी, लागुपदार्थ तथा माधक पदार्थ सेवन, छोराको चाहना आदि रहेका छन् ।

## ८.३ सुझावहरू

यस क्षेत्रको हिंसा न्यूनिकरणका लागि केही सुझावहरू तल प्रस्तुत गरिएको छ :

- महिलाहरूको आर्थिक स्तर उकास्न आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जस्तै; प्रौढ शिक्षा, सिलाईबुनाई, तरकारी खेती, पशुपालन अन्य सीपमूलक तालिमहरू दिनुपर्दछ ।
- महिलाहरूलाई राष्ट्रको हरेक क्षेत्रमा समावेश गरी महिला जागरण अगाडी बढाउनुपर्दछ ।
- यस क्षेत्रका विवाहित महिलाहरू अधिकांश गृहिणी भएको र साक्षरता प्रतिशत पनि तुलनात्मक र गुणात्मक रूपले कम रहेको देखिन्छ तसर्थ शिक्षाको लागि औपचारिक तथा अनौपचारिक कक्षाहरू सञ्चालन गरी विवाहित महिलाहरूलाई घर बाहिरको क्रियाकलापमा अग्रसर गराउनुपर्दछ ।
- विवाहित महिलाहरूलाई पनि परिवारका सदस्यले पुरुष सरह समान रूपले हेरिनुपर्दछ । जसका कारण उनीहरूको आत्मबल उच्च बनाउन मद्दत गर्दछ ।
- समाजका जानकार व्यक्ति घरमूली पिडक सबै पक्षलाई समेटेर त्यस क्षेत्रमा चेतनामूलक कार्यक्रम ल्याएर हिंसा पिडित महिलाको अवस्था प्रमुख हिंसाको कारण आदिलाई देखाउन सकिन्छ । त्यसले समाज तथा घर परिवारमा चेतना दिन सहयोग

हुनेछ । यस्तो कार्यक्रम महिला समूहको अध्यक्ष, वडा अध्यक्ष, नगरपालिका तथा अन्य सरकारी, अर्थसरकारी तथा गैह्र सरकारी संस्थाले चलाउन सक्छन् ।

- महिलाहरूलाई आफ्नो हक र अधिकार सम्बन्धी कानुनी कुरा र मानव अधिकारको कुरा बुझ्नलाई मानव अधिकार सम्बन्धी शिक्षा दिनुपर्दछ ।

# प्रश्नावलीहरु

१. उत्तरदाताको सामान्य जानकारी

नामः ठेगानाः

उमेरः

क) २०-३० ख) ३०-४० ग) ४०-५० घ) ५०-६०

धर्मः

क) हिन्दू ख) बौद्ध ग) इसाई घ) मुस्लिम ङ) अन्य

जातिः

क) ब्राह्मण ख) क्षेत्री ग) जनजाती घ) दलित

शिक्षाः

क) निरक्षर ख) साक्षर ग) प्रा.वि. तह घ) मा.वि. तह ङ) उच्च शिक्षा च) स्नातक छ) स्नातकोत्तर ज) अन्य

आवसिय पृष्ठभूमिः

क) प्रवासी ख) आदिवासी

पेसाः

क) सेवा (सरकारी/निजि) ख) स्वरोजगार ग) व्यापार

घ) व्यापार ङ) मजदुरी च) गृहिणी

**पारिवारीक पृष्ठभूमिः**

२. परिवारको किसिम (संरचना)

क) एकल ख) संयुक्त

३. घरमूली को हो ?

क) श्रीमान ख) स्वयम ग) परिवारका अन्य सदस्य

४. वैवाहिक सम्बन्ध

क) नव विवाहित ख) श्रीमान विदेश भएको ग) श्रीमानसँगै

घ) सम्बन्ध विच्छेद ङ) विधवा च) अन्य

५. सन्तान

क) १ ख) २ ग) ३ घ) ४ ङ) ४ भन्दा धेरै
च) छैन

६. छोरी/छोरा कति वटा ?

क) छोरी .............. ख) छोरा .................

७. विवाह गर्दा तपाईको उमेर कति वर्ष थियो ?

क) १५ वर्ष वा त्यो भन्दा कम ख) १५-२० ग) २०-२५

घ) २५-३० ङ) ३०-३५ छ) ३५-४० ज) ४० भन्दा माथि

८. सन्तान भए कति वर्षमा पहिलो सन्तान जन्माउनु भयो ?

क) १५ वर्ष वा त्यो भन्दा कम ख) १५-२० ग) २०-२५

घ) २५-३० ङ) ३०-३५ छ) ३५-४० ज) ४० भन्दा माथि

९. २ या २ भन्दा बढी सन्तान भए कति वर्षमा अन्तिम सन्तान जन्माउनु भयो ?

क) १५ वर्ष वा त्यो भन्दा कम ख) १५-२० ग) २०-२५

घ) २५-३० ङ) ३०-३५ छ) ३५-४० ज) ४० भन्दा माथि

**आर्थिक पृष्ठभुमिः**

१०. तपाईको परिवारमा कमाउने मुख्य व्यक्ति ?

क) श्रीमान ख) स्वयम् ग) छोराछोरी ङ) परिवारका अन्य सदस्य

११. परिवारको वार्षिक आम्दानी कति छ ?

क) ५०-६० हजार          ख) ६१-७० हजार          ग) ७१-८० हजार

घ) ८१-९० हजार          ङ) ९१ हजार- १ लाख          च) १ लाख भन्दा

बढी

१२. तपाईको वार्षिक आम्दानी ?

क) ५० हजार भन्दा कम          ख) ५०-६० हजार          ग) ६१-७० हजार

घ) ७१-८० हजार          ङ) ८१ हजार- १ लाख          च) १ लाख भन्दा

बढी

**घरेलु हिसां सम्बन्धी प्रश्नहरु**

१४. तपाईलाई घरेलु हिंसाको बारेमा थाहा छ ?

क) छ          ख) अलि अलि          ग) छैन

१५. कुन प्रकारको क्रियाकलापलाई, तपाई, महिला माथिको घरेलु हिंसा ठान्नु हुन्छ ?

..............................................................................................................

..........

१६. तपाई तलका मध्ये कुन-कुन घरेलु हिंसाजन्य क्रियाकलापमा पर्नुभएको छ ?

| क.सं. | क्रियाकलाप | कहिले कोहि | दिनदिनै | छैन |
|---|---|---|---|---|
| १. | गाली गलौज | | | |
| २. | कुटपिट | | | |
| ३. | अभियोग लागेको (चोरी, बोक्सी दोस लगाउने) | | | |
| ४. | यौन शोषण | | | |
| ५. | अपहेलना | | | |
| ६. | नियन्त्रण | | | |
| ७. | मानसिक तनाब | | | |
| ८. | भावनात्मक शोषण | | | |

| | | | | |
|---|---|---|---|---|
| ९. | पारिवारिक निर्णयमा सहभागी नगराउने | | | |
| १०. | धम्काउनु/तर्साउनु | | | |
| ११. | आर्थिक दुरुपयोग | | | |
| १२. | करकाप गर्नु | | | |

१७. माथिका हिंसाजन्य क्रियाकलापहरु कसले बढी गर्नुहुन्छ ?

क) श्रीमान ख) परिवारका अन्य सदस्य ग) अन्य

१८. हिंसाजन्य क्रियाकलापका कारणहरु के होलान् ?

| **क.सं.** | **कारणहरु** | **हो** | **हैन** |
|---|---|---|---|
| १. | दाइजोको कारण | | |
| २. | सन्तान नजन्मिएकोमा | | |
| ३. | छोराको चाहना | | |
| ४. | घरबाहिर जागिर गरेकोमा | | |
| ५. | श्रीमानको अनैतिक सम्बन्धले | | |
| ६. | जातिको कारण | | |
| ७. | बेरोजगारी | | |
| ८. | श्रीमान तथा परिवारका अन्य सदस्यले माद्यक/लागूपदार्थ सेवनको कारण | | |
| ९. | आर्थिक मन्दि/गरिब | | |
| १०. | मानसिक समस्या | | |
| ११. | अशिक्षा | | |
| १२. | स्वयम्ले ति क्रियाकलापप्रति उजुरी नगरेर | | |

१९. यस्ता घरेलु हिंसाजन्य क्रियाकलापले तपाईमा कस्तो असर/प्रभाव परेको छ ?

क) शारिरिक असर ख) मानसिक असर ग) भावनात्मक/संवेगात्मक असर

घ) सामाजिक असर ङ) आर्थिक असर च) परेको छैन

२०. यस्ता हिंसाले तपाई लगायत परिवारका अन्य सदस्यलाई पनि असर परेको छ ?

क) छ ख) छैन

२१. छ भने कस–कसलाई परेको छ ?

क) श्रीमान ख) छोराछोरी ग) सासु ससुरा

घ) नन्द अमाजु ङ) देवर, देवरानी च) जेठान, जेठानी छ) अन्य

२२. तपाईले भोगिरहनुभएको हिंसाजन्य क्रियाकलापबारे कसलाई भन्नुभएको अथवा उजुरी गर्नुभएको छ ?

क) परिवारको मिल्ने सदस्यलाई ख) आफन्तलाई ग) साथिहरुलाई

घ) महिला अधिकार कर्मि ङ) पुलिस चौकि छ) अन्य ज) गरेको छैन

२३. भन्नुभएको अथवा उजुरी गर्नुभएको भए के प्रभाव पर्‍यो ?

क) मिलेर बस्ने सल्लाह ख) सजाय दिने आश्वासन

ग) हिंसाजन्य क्रियाकलापमा संलग्नलाई सजाय घ) अन्य

घ) सामाजिक असर ङ) आर्थिक असर

२४. कसैलाई भन्नु वा उजुरी गर्नुभएको छैन भने त्यसको कारण के हो ?

क) डर लागेर ख) अरुबाट आश्वासन मात्र पाउने भएर

ग) आफ्नै गल्ति मानेर/आफ्नो भाग्य यस्तै हो भन्ने सोच

घ) घरको झगडा घरमै मिलाउने प्रयासले ङ) अन्य

२५. तपाईको विचारमा कुन वर्गका महिलाहरु बढी घरेलु हिंसामा परेको जस्तो लाग्छ ?

क) आर्थिक रुपले सम्पन्न वर्ग ख) मध्यम वर्ग ग) गरिब

२६. तपाईको विचारमा कुन जातजातिका महिलाहरु बढी घरेलु हिंसामा परेको जस्तो लाग्छ ?

क) ब्राह्मण ख) क्षेत्री ग) जनजाती घ) दलित

२७. महिला विरुद्धको हिंसाको सम्बन्धमा भएको कानुनी प्रावधानका बारेमा जानकारी छ वा छैन ?

क) छ ख) छैन

२८. अन्य महिलाहरुले घरेलु हिंसाको पिडित बनेर पनि आफु माथिको हिंसामा उजुरी नगर्नुको कारण के होला ?

क) डर लागेर ख) अरुबाट आश्वासन मात्र पाउने भएर

ग) आफ्नै गल्ति मानेर/आफ्नो भाग्य यस्तै हो, भन्ने सोच

घ) घरको झगडा घरमै मिलाउने प्रयासले ङ) अन्य

२९. महिलाहरुलाई घरेलु हिंसाबाट रोक्न के गर्नुपर्ने गर्नुहुन्छ ?

.............................................................................................................
..........

**समाप्त**